२०५८ सहमति

(समुदाय र मानवता विकासका लागि प्रतिवद्ध संस्था)

# सहमति सन्देश

वर्ष ९, अङ्क १, पूर्णाङ्क ३२ (Year 9, Vol. 1, Issue 32) पौष, २०७० / December 2013, SAHAMATI SANDESH

## समुन्नती विशेष

### संस्थागत कुरा

सरकारी तथा गैरसरकारी निकायहरुको मूख्य लक्ष्य तथा उद्देश्य समतामूलक समाजको विकास गर्ने रहेको हुन्छ । देश विकासका लागि प्रभाव पार्ने व्यक्ति, परिवार, समाज, गाउँ, जिल्ला तथा क्षेत्रको समग्र विकास हुनु आवश्यक हुन्छ । व्यक्ति व्यक्तिको जनजीविकामा आउने सकारात्मक परिवर्तन, परिवार-परिवारमा आउने परिवर्तनले समाजलाई परिवर्तन गराउन सक्छ भने प्रत्येक समाज/समुदायमा आएको परिवर्तनले देशलाई परिवर्तन गर्न सहयोग पुग्दछ ।

जिविकोपार्जनमा सम्पत्तीहरुको भूमिका रहेको हुन्छ, तिनीहरुमा मानवीय सम्पत्ती, सामाजिक सम्पत्ति, आर्थिक सम्पत्ती, भौतिक सम्पत्ती र प्राकृतिक सम्पत्ती पर्दछन् । एउटा समुदायको सुखिपना/खुशियालीका लागि उक्त सम्पत्तिहरुको उचित व्यवस्थापन र परिचालनको आवश्यकता पर्दछ । समुन्नत समाजका लागि शिक्षित र अनुशासित मानवस्रोत, सामाजिक सद्भाव, मातृत्वको भावना, आम्दानीमा वृद्धि, बाटो, पुल, विद्युत सञ्चारको सुविधा, स्थानीय तहमा रहेको विभिन्न प्राकृतिक सम्पदाको संरक्षण, सम्वर्धन र उचित वितरणको अवस्था भएको हुनुपर्दछ ।



सहमति संस्थाको आफ्नो परिकल्पना "समुदाय र मानवता विकासका लागि प्रतिवद्ध संस्था" लाई केन्द्र बिन्दुमा राखी विभिन्न सहयोगी निकायहरुसँग सहकार्य गर्दै विभिन्न किसिमका क्रियाकलापहरु मध्ये विशेष गरी जीविकोपार्जनलाई केन्द्र बिन्दुमा राखी समुदायको उन्नति, प्रगतिकासाथ समुन्नत समाजको लागि अक्सफाम नेपालको सहकार्यमा नवलपरासी जिल्लाको पहाडी गाविसमा सञ्चालित समुन्नति कार्यक्रम एक हो । यस कार्यक्रमले पारेको प्रभावहरुको प्रतिबिम्बको रुपमा यस भित्रका लेख तथा सफलताका कथाहरु रहेका छन् । संस्थाद्वारा नियमित रुपमा प्रकाशन हुँदै आएको सहमति सन्देशको यस अंक प्रकाशनको क्रममा लागि पर्नुहुने सम्पूर्ण साथीहरु र सहयोगी संस्था अक्सफाम नेपाललाई संस्थाको तर्फबाट धन्यवाद ज्ञापन गर्दछु ।

**रत्नप्रसाद सापकोटा**
अध्यक्ष

### सहमतिका मूल्य र मान्यताहरू

- सामुहिकता र सामाजिक सद्भावका लागि ऐक्यवद्धता
- कार्यक्रमका सबै पक्षहरूमा पारदर्शीता
- मानवीय स्वाभिमानको संरक्षण र विकास
- लाभान्वित वर्ग, संस्था र सबै सरोकारवालाहरूको प्रशंसा
- सबै पक्षसँग मिलेर सहमतिमा कार्य
- सामुहिक कार्यको आत्मसात
- संस्थाभित्र र कार्यक्रममा समावेशीकरण (महिला, आर्थिक र सामाजिक रूपमा विभेदित समुदायहरू)
- सुशासन र स्व-निर्भरताको प्रवर्द्धन

### यस भित्र .........

- ❑ समुदायको शसक्तिकरण, संकटासन्नता न्यूनिकरण, दिगो जीविकोपार्जन र सम्पन्नता सम्बन्धी लेख, रचना, र सफलताका कथाहरू,
- ❑ हाल सञ्चालित साझेदारी कार्यक्रमहरुको त्रैमासिक उपलब्धिहरू,
- ❑ सहमति सामाजिक लेखा परीक्षणको सारांश प्रतिवेदन,
- ❑ पन्ध्रौं साधारणसभा एवं पाँचौं अधिवेशन तथा सामाजिक परीक्षण तथा सम्मान/पुरस्कार कार्यक्रमका झलकहरू

## सहमति सन्देश

वर्ष–९, अङ्क–१, पूर्णाङ्क–३२
(पौष २०७०)

**संरक्षक**
रत्नप्रसाद सापकोटा
अध्यक्ष, सहमति

**संकलन तथा संयोजन**
सरोज भुषाल–कार्यक्रम अधिकृत

**विशेष सहयोगी**
अशोक राज पोखरेल–
महासचिव/केन्द्रीय कार्यक्रम व्यवस्थापक
भीमप्रसाद शर्मा– कार्यसमिति सदस्य

**सहयोगी**
सुन्दरबाबु बानियाँ–कार्यक्रम संयोजक
समुन्नति कार्यक्रम

**कम्प्यूटर**
रीता कुमाल–वरिष्ठ कम्प्यूटर अपरेटर

**प्रकाशन सहयोगी**
Oxfam Hong Kong
अक्सफाम हङ्कङ्ग

**पत्राचार तथा सुझावका लागि**
**सहमति**
गैंडाकोट–५, नवलपरासी
फोन नं. : ०५६–५०२०९०, ५०२३७३
फ्याक्स : ०५६–५०२२७७
इमेल : sahamati@wlink.com.np
वेभसाइट : www.sahamati.org

**मुद्रण** :
शुभकामना अफसेट प्रेस
Shubhakamana Offset Press
शहीदचोक, नारायणगढ, फोनः ०५६–५७१७८५
इमेल : shubhakamana_press@yahoo.com


# सम्पादकीय........

सहमतिले आफ्नो संस्थागत रुपमा तय गरेको विषयगत कार्यक्षेत्र सिकाइ र सिर्जनशिलता अन्तर्गत विगत ९ वर्षदेखि सहमति सन्देश प्रकाशन गर्दै आएको छ । सहमति सन्देशले आफ्नो ३१ औं अंकसम्मको प्रकाशन आफ्नो पाठकहरु–(संस्थागत र कार्यक्रमगत सरोकारवाला) सम्म पुर्‍याएको छ । यसैको नियमितता अनुरुप यो ३२ औं अंक प्रकाशन गरिएको हो । सहमति सन्देश प्रकाशन शुरुवात भएदेखि नै प्रत्येक अंकको विशेषता फरक फरक हुने गरेको छ । संस्थाले साझेदारी गरेका विभिन्न कार्यक्रमहरुले कार्यक्रमको उद्देश्य, उपलब्धी र सिकाइको सेरोफेरोमा रहेर विशेषाङ्कको रुपमा प्रकाशन प्रयास गर्दै आएको छ । कहिलेकाँही समग्र संस्थागत रुपमा भए गरेका प्रमुख कार्यहरुलाई समेत विशेषाङ्कको रुपमा पाठक सामू ल्याएको स्मरण हामी सबैमा छ । यस पटक यस सहमति सन्देशको प्रकाशनलाई अक्सफाम हङ्कङ्ग र सहमति बीचको साझेदारीमा सञ्चालित ग्रामीण स्वावलम्बन प्रयासहरुको प्रवर्द्धन (समुन्नति) कार्यक्रम विशेष रुपमा यहाँहरुको हातमा पुर्‍याउन प्रकाशन टिम सफल भएको छ । यसपटक समुन्नति विशेषको रुपमा प्रकाशित सहमति सन्देश मूलभूत रुपमा उक्त कार्यक्रमभित्रका आन्तरिक गतिविधि र कार्यक्रमको कार्यक्षेत्रमा देखिएका मूख्य मुख्य प्रभावलाई समेट्न खोजिएको छ । समुन्नति कार्यक्रम आफैमा समग्र सहमति संस्थाको परिकल्पना, लक्ष्य, उद्देश्यसँग मेल खाने कार्यक्रम पनि हो ।

सन् २००५ मार्चदेखि २०१३ डिसेम्वरसम्मको अवधिमा नवलपरासी र कपिलवस्तु जिल्लाको विकट तथा पिछडिएको क्षेत्रमा बसोबास गर्ने जनजाति, आदिवासी, दलित र विपन्न परिवारमा लक्षित कार्यक्रमको रुपमा समुन्नति कार्यक्रमले आफ्नो पहिचान स्थापित गरी सकेको छ । विशेष गरी समुदायमा जीवनयापनका विभिन्न पक्ष/क्षेत्रसँग जोडिएर आउने सम्भावित संकटासन्नतासँग जुध्नका लागि समुदायको सशक्तिकरण गराउने, हरेक समुदायसँग रहेका स्थानीय प्राकृतिक स्रोतहरुको उचित व्यवस्थापनमा ज्ञान, सीप, धारणा अभिवृद्धि गराई दिगो कृषि र जीवनयापनको तौरतरिकामा गुणस्तरीयता बढाउनुतर्फ कार्यक्रम केन्द्रित रहेको अवस्था छ । यस्तै वास्तविकताको वरिपरी रहेर यस समुन्नति विशेषभित्र कार्यक्रमसँग सरोकार राख्ने पक्षहरुको लेख, रचनालाई प्राथमिकतामा राखिएको छ । हामीलाई आशा एवं विश्वास छ यस्ता लेख, रचना र अध्ययन सामाग्रीहरुले यस्तै कार्य क्षेत्रमा लाग्ने सबै पक्षहरुलाई नयाँ बाटोमा लाग्न प्रेरणादायी सहयोग मिल्नेछ ।

# लक्षित समुदाय/परिवार, खुशीयाली र समुन्नति कार्यक्रम

✍ सुन्दरबाबु बानियाँ
कार्यक्रम संयोजक, समुन्नति कार्यक्रम

सन् २००५ मार्चदेखि अक्सफाम हङ्कङ्ग र सहमति गैंडाकोट बीचको साझेदारीमा ग्रामीण स्वावलम्बन प्रयासहरुको प्रवर्द्धन (समुन्नति) कार्यक्रम शुरु भएको हो । शुरुवातका वर्षदेखि नै यस कार्यक्रमले आफ्नो लक्षित भौगोलिक कार्यक्षेत्र क्रमश विस्तार गर्दै आएको छ । नवलपरासी जिल्लाका २ गाविस गैंडाकोट र रतनपुर तथा कपिलवस्तु जिल्लाका १ गाविस दुवियाबाट कार्यक्रम वहिर्गमन भइसकेको छ । हाल नवलपरासीको ७ वटा गाविसमा (मुकुन्दपुर, अर्खला, जौवारी, भारतीपुर, नरम, रुचाङ्ग र मिथुकरम) मा कार्यक्रम निरन्तर रहेको छ । समुन्नति कार्यक्रमले विशेष गरी लक्षित समुदाय/परिवारमा रहेका सदस्यहरुको संकटासन्नता न्यूनिकरण गराउने, संगठित रुपमा सशक्तिकरण गराउने र दिगो जीविकोपार्जनलाई मद्दत पुऱ्याउने उद्देश्यलाई केन्द्रमा राखेको छ । यी तीनवटै उद्देश्य अन्तर्गत संस्थागत विकास कृषि/पशु विकास (प्रतिकात्मक खाद्यसुरक्षा र जीविकोपार्जन) खानेपानी, सरसफाई र स्वस्थता, प्रकोप जोखिम न्यूनिकरण र सु-शासन जस्ता मुख्य क्रियाकलापहरु रहेका छन् । यि सबै खालका उद्देश्य र क्रियाकलापले समग्रमा तिनै लक्षित समुदाय र परिवारका सदस्यहरुको जीवनयापनको तौरतरिकामा गुणस्तरीयता ल्याउनु नै यो कार्यक्रमको मूख्य लक्ष्य हो ।

समुन्नति कार्यक्रमले आफ्नो ९ औं वर्ष कार्यक्रम अवधि यही २०१३ डिसेम्वरमा पूरा गर्दैछ । यो अवधिमा कार्यक्रमका लागि महत्वपूर्ण सिकाईहरु भएका छन् । अर्को अर्थमा शुरुका अवधिका राम्रा अभ्यास र सिकाइलाई नयाँ कार्यक्षेत्रमा हस्तान्तरण गर्ने पक्षमा अझै सशक्त सिकाईहरु भए । कार्यक्षेत्रको भौगोलिक अवस्था, त्यहाँको जातीय र सामुदायिक रहनसहन तथा संस्कारले गर्दा विभिन्न समुदायको सामाजिक र आर्थिकस्तरमा धेरै विविधता रहेको छ । यस्ता विविधतालाई समनतातर्फ डोऱ्याउन कार्यक्रमले मूख्य रुपमा समुदायका हरेक परिवारलाई सहकारीमा संलग्न गराउन जोड दियो । सहकारीमा संलग्न गराउनु मात्र ठूलो होइन् वरु सहकारी संस्थाप्रति प्रत्येक सदस्यको भरोसा र विश्वास बढाउन सहकारी संस्थाकै संस्थागत सुदृढिकरण गराउनु महत्वपूर्ण पक्ष हो भन्ने ठम्याई पनि कार्यक्रमको रहयो ।

सहकारी प्रवर्द्धन र संस्थागत सुदृढिकरणको साथसाथै खाद्य सुरक्षाको सवालसँग जोडिएको कृषि पशुपालन क्षेत्र जुन ग्रामीण क्षेत्रको जीवन निर्वाहको प्रमुख स्रोत विगतदेखि नै रहँदै आएको छ । त्यो कृषि क्षेत्र दिन प्रति दिन निराशाजनक ढंगले ओरालो लाग्दै आएको छ । खासगरी नयाँ युवा पुस्ताले कृषि कर्मलाई सम्मानजनक रुपले नलिने र गैरकृषि क्षेत्रसँग सम्बन्धित रोजगारीमा पलायन हुने क्रम तिव्र रुपले बढेर गएको छ । त्यस्तै अपत्यारिलो किसिमले कृषिलाई प्रतिकूल हुने गरी जलवायु परिवर्तन हुँदै नयाँ असरहरु देखा पर्दै गएका छन् । कृषिमा रुपान्तरण गर्न, उत्पादनमूलक र नाफामूखी बनाउन केहि मात्रामा बजारमा देखिएका सूचना, प्रविधि, नयाँ अवसर/प्रविधिसँग जुध्न सक्ने जनशक्ति ग्रामीण क्षेत्रमा उपलव्ध नहुनु र भौगोलिक अवस्था जहाँ जस्तो छ/अनुकूल छ सो अनुसार खेती प्रणालीमा फेरबदल गर्नुपर्ने धारणाको विकास नहुनु जस्ता मूख्य सवाललाई यस कार्यक्रमले आत्मसाथ गर्दै आएको छ । यी र यस्ता समस्या/सवालमा पनि काम गर्ने भएकै कारण ग्रामीण विपन्न परिवारका सदस्यहरु कार्यक्रमप्रति थप आकर्षित र सकारात्मक बनेको स्थिति हाम्रो सामू छ ।



समुन्नति कार्यक्रमले आफ्नो लामो कार्य अवधि पार गरिरहँदा यस कार्यक्रमले सन्तुष्टी लिनुपर्ने केहि घटनाक्रम पनि समुदाय र लक्षित परिवारमा रहेका छन् । समुन्नति कार्यक्रमले जुन लक्ष्यलाई पछ्याएको छ, त्यसको केहि निर्धारित सूचक मार्फत मापन पनि गरिदै आएको छ । जस्तैः स्रोत साधनमा पहुँच र अवसर वृद्धि, परिवार र समुदायस्तरमा आवश्यक पर्दा सहभागिता र उत्तरदायित्व वहनमा वृद्धि, समुदाय र परिवारस्तरमा हुने विविध खालका हिंसा विभेद न्यूनिकरण भई सहयोग, सद्भाव र मेलमिलापमा वृद्धि, आफ्नो व्यक्तिगत र पारिवारिकस्तरमा आवश्यक वस्तु वा सेवाको परिपूर्ति गर्दा स्वतन्त्र रुपले विकल्प छनौट गर्ने क्षमतामा वृद्धि र परिवार र व्यक्तिगत आवश्यकता परिपूर्ति गर्दा प्राप्त हुने खुशीयाली र सन्तुष्टीको मात्राको वृद्धि । यिनै सूचकहरु सबै वा कुनै न कुनैमा समय अन्तरालमा तुलनात्मक फरक हेरेर जीवनयापनको गुणस्तरियता मापन गर्ने कार्यलाई समुन्नति कार्यक्रमले विगत ३ वर्षदेखि व्यवहारमा ल्याएको छ ।

हाल समुन्नति कार्यक्रमले समेटेको कुनैपनि घरधुरीस्तरमा छिटो अनुभव गर्ने विषय, सबैजसोमा नयाँ ज्ञान र धारणामा विकास भएको, सहज रुपमा बचत र ऋणमा पहुँच बढेको, परिवार र समुदायस्तरमा पहिले हुने गरेका हिंसा तथा विभेद घट्दै गएको, महिलाहरुमा रहेको सामाजिक र सांस्कृतिक विभेदमा कमि आई आत्मसम्मान बढेको, पहिलेदेखि ह्रास हुँदै गरेको कृषिमा नयाँ सीप, प्रविधि र आवश्यक सामग्रीमा पहुँच बढेको छ । त्यसैले आज चाहे महिला हुन वा पुरुष हामी पहिले भन्दा खुशी छौ, ''हामीलाई चर्को व्याजमा साहुबाट ऋण लिनु परेको छैन । गाउँघर सफा, सुग्घर छ । कृषि/पशुपालनमा नयाँपन आएकोले आम्दानी बढेको छ । समुदायमा एकअर्काप्रति विश्वास र मेलमिलाप बढेको छ । बालबच्चा सबै पढ्न जान्छन्''- भारतीपुर-३ चैनपुरकी तारामाया वि.क.लाई जस्तै धेरैजनालाई लागेको छ ।

✿✿✿

# खाद्य सुरक्षामा सँगै मिलेर काम गर्दा . . .

✍ दिनेश वस्ताकोटी
कृषि तथा जीविकोपार्जन अधिकृत, समुन्नति कार्यक्रम

नवलपरासी जिल्ला नेपाल सरकारको प्रशासनिक विभाजन अनुसार तराईको जिल्ला अर्न्तगत पर्दछ । तर यसै जिल्लाका दुर्गम भेगमा १७ वटा पहाडी गाविस पर्दछ । जुन गाविसमा जान मुख्य राष्ट्रिय राजमार्गदेखि ६०/७० कि.मि. सम्म पर्दछ । यी गाविसहरुमा जानका लागि हिउँदमा ४/६ महिना यातायात चलेपनि अधिकांश समय पैदल यात्रा गर्नुपर्छ । यहाँको मूख्य जीविकाको आधार कृषि/पशुपालन नै हो । विगत २० वर्षयताको खाद्यान्न उत्पादन हेर्ने हो भने घट्दो क्रममा छ । बढी रहेको जनसंख्या र खानेबानीमा परिवर्तनले गर्दा बाह्य आयतित खाद्यवस्तुमा निर्भरता बढ्दै गएको अवस्था छ । तैपनि राज्यको निकायबाट यहाँको उत्पादन वृद्धि गर्न खासै चिन्ता र चासो राखेको देखिदैन । यहाँका कृषकहरुको मूख्य गुनासो भनेको लगानी गरे अनुसार उत्पादन हुँदैन । उपयुक्त ज्ञान, सीप उपलब्ध छैन । प्राविधिक जनशक्तिको उपलब्धता नै छैन । कसरी खेती गर्ने भन्ने रहेको छ । जिल्ला कृषि विकास कार्यालय र सेवा केन्द्रस्तरको कर्मचारीको गुनासो पनि उस्तै छ । हामी कहाँ पर्याप्त जनशक्ति छैन थोरै जनशक्तिले हेर्नुपर्ने गाविस धेरै छ । राज्यले कृषिमा आवश्यकता भन्दा कम स्रोत दिएको छ ।

यस्तै वास्तविकतालाई मनन गर्दै अक्सफाम हङ्कङ्ग र सहमति गैंडाकोट बीचको साझेदारीमा सञ्चालित समुन्नति कार्यक्रम जिल्लाको पहाडी गाविस जौवारी, भारतीपुरमा सन् २००९ देखि अर्खला र नरममा २०११ देखि र रुचाङ्ग र मिथुकरममा सन् २०१३ देखि कार्यरत छ । कार्यक्रमको मूख्य लक्ष्य समुदायको सशक्तिकरणद्वारा संकटासन्नता न्यूनिकरण गर्दै लक्षित समुदायको दिगो जीविकोपार्जनमा सहयोग पुर्‍याउनु नै हो । यसै लक्ष्य अनुरुप समूह/संगठन/संस्था प्रवर्द्धन गर्दै जीविकोपार्जनसँग जोडिएको स्रोतहरुको अधिक उपयोग व्यवस्थापनका कार्यमा सहयोग कार्यक्रमले गर्दै आएको छ ।

समुन्नति कार्यक्रम एक्लैले वा कार्यक्रमको स्रोतले मात्र लक्षित समुदायको बढ्दो आशा/अपेक्षा पूरा हुँदैन । कार्यक्रमले अन्य निकाय जस्तै लक्षित समुदाय, स्थानीय निकाय र अन्य सरोकारवाला निकायसँग भएको स्रोतसँग समेत समन्वय र सहकार्य गर्ने रणनीति लिंदै आएको छ । जुन रणनीतिहरु उदाहरणीय र अनुकरणीय समेत बनेका छन् ।

विशेषत् लक्षित समुदायको मूख्य मुद्दा बन्दै आएको खाद्य सुरक्षा पछिल्लो समयमा स्थानीय उत्पादनमा आएको ह्रासले गर्दा बढ्दो आयातित खाद्यवस्तुको उपयोगले थप चिन्ता थपेको छ । समुन्नति कार्यक्रमले यसै खाद्यसुरक्षाको अवस्थालाई ७ वटा गाविस मुकुन्दपुर, देउराली, नारायणी, जौवारी, भारतीपुर, नरम र अर्खलामा अध्ययन विश्लेषण र भविष्यमा स्थानीय तहबाट कस्तो रणनीति र योजना बनाउने भन्ने बारेमा स्थानीय निकायसँग सहकार्य गर्‍यो ।



उक्त योजना कार्यान्वयन गर्न त्यसै समयसँगै गाविसस्तरीय कृषि समितिको गठन भयो । उक्त समितिको मूख्य कार्य भनेको गाविसमा छुट्ट्याइने १५% कृषि बजेटको सदुपयोग र गाविसभित्र अन्य संघसंस्था मार्फत गरिने कृषि सम्बन्धी कार्यक्रमको समन्वय गर्ने भन्नेमा साझा बुझाई तयार भयो ।

यसै बुझाईको आधारमा पहाडी गाविस जौवारी र भारतीपुर गाविसमा कृषि समितिको पहल र अगुवाइमा सहकारीमार्फत कृषि प्राविधिक परिचालन गर्न स्थानीय निकाय सहमत भयो र उक्त सहयोग गर्ने निर्णय विधिवत रुपमा गाउँ परिषद्बाट पारित भयो । आ.व.२०७०/०७१ का लागि साउन महिनादेखि कार्यान्वय गर्ने गरी १५% कृषि बजेट कहाँ कति खर्च गर्ने निर्णय गाविस सचिवको रोहवरमा भई सकेको अवस्था छ ।

स्थानीय निकाय र स्थानीय सहकारी संस्था र समुन्नति कार्यक्रम बीचको त्रिपक्षीय साझेदारीमा हाल दुई गाविस जौवारी र भारतीपुरमा १/१ जना JTA तहको कृषि प्राविधिक २०१३ मार्चदेखि नियमित कार्यरत रहेको अवस्था छ । JTA को पारिश्रमिकमा साझेदारी गर्दा समुन्नति कार्यक्रम मार्फत पहिलो, दोस्रो, तेस्रो, चौथो वर्षमा क्रमशः ७५%, ५०%, २५% र ०% हुँदै अन्तमा गाविस र सहकारीको सहकार्यमा उक्त पदको निरन्तरता गर्ने सहमति पहिले नै बनेको छ । यस सहमति र समझदारीलाई प्रतिकूल हुने गरी राज्य वा स्थानीय निकायमा फरक नीति नआएमा यसको कार्यान्वयनमा शंका छैन ।

हाल भारतीपुर तथा जौवारी गाविसमा कृषक सहायता केन्द्रको प्रभावकारी सञ्चालन व्यवस्थापनमा JTA कर्मचारीको उपस्थितिले महत्वपूर्ण योगदान पुगेको ठहर छ । जौवारी बहुउद्देश्यीय सहकारी संस्थाका पूर्व अध्यक्ष खेमबहादुर थापाको । उनी JTA कर्मचारीको उपस्थितिले हाल परेको प्रभावबारे थप्छन् : "एउटा मूख्य कुरा त हामीकहाँ प्राविधिक कर्मचारी नभएकोले कृषक सहायता केन्द्रमा कुन समयमा के जातको बीउ लगाउने थाहा थिएन । त्यसमा सजिलो भएको छ । अर्को हाम्रो गाउँ ठाउँमा सरकारी, JTA को सेवा, सहयोग र सल्लाह पाउन कठीन थियो । अहिले हामीले सहकारी संस्थाबाट राखेको JTA सबै टोल टोलमा कृषक समूहमा गएर राम्रा राम्रा सल्लाह दिएपछि धेरै घरमा करेसाबारी बढेको छ । बेमौषममा हुने टमाटर र अन्य हरिया तरकारी गाउँमा नै पाइन थालेका छन् । यसबाट कसैले केहि आम्दानी पनि गरेका छन् धेरैलाई किनेर खानु परेको छैन पैसा बाहिर जान केहि मात्रामा भए पनि रोकिएको छ ।

❁❁❁

# स्वस्थता र सरसफाइको नमूना गाउँ बन्दै पोखरीछाप

✍ दीपक गुरुङ्ग
पशु प्राविधिक, समुन्नति कार्यक्रम



नवलपरासी जिल्लाको उत्तरी दिशामा अवस्थित जहाँ यसै जिल्लाको महेन्द्र राजमार्गमा पर्ने दलदले बजारदेखि करिब ६०-६५ किलोमिटरको दुरीमा रहेको भौगोलिक बनौटको आधारमा भन्नुपर्दा मध्य पहाडले घेरिएको साथै समुन्द्रि सतहदेखि करिब १२०० मिटरको उचाईमा अवस्थित नरम गाविसले समेटिएको गाउँ पोखरीछाप गाउँ गाविसको वडा नं. १ मा पर्दछ ।

पोखरीछाप गाउँ घरधुरी र जातित्वको आधारमा यस गाउँमा जम्मा ६८ घरधुरी जसमा शत प्रतिशत नै मगर जातिको बसोबास रहेको छ । यहाँको मूख्य मूख्य सवालहरुको कुरा गर्नुपर्दा यहाँको अधिकांश पुरुषहरु वैदेशिक रोजगारको लागि खाडी मुलुक र छिमेकी देश भारतमा पलायन भएको अवस्था थियो । गाउँमा रहेका बाँकी बुढा मान्छे र महिला वर्गहरु मात्र छन् । यहाँको अधिकांश महिला अशिक्षा र चेतनाको कमिले गर्दा घरायसी काम र लेवर काममा बढी मात्रामा व्यस्त हुन्छन् । त्यस्तै नयाँ मान्छेसँग बोल्नुपर्दा लाजमान्ने, डराउने र मनमा लागेको कुरा प्रस्ट रुपमा भन्न अप्ठ्यारो मान्ने गर्दथे । यस ठाउँमा यस्तै किसिमको चालचलन र पहिलेकै पुराना रीतिरिवाजले झेल्लिएर होला यहाँको कतिपय कृषि/पशुको काम कर्महरु पुरानै प्रवृत्तिले निर्वाहमुखी तवरले गरेको पाइन्थ्यो । पशुपालन क्षेत्रमा भन्नुपर्दा यस ठाउँमा बढी मात्रामा सुँगुर पाल्ने र यस ठाउँमा मगर जातिले समेटिएको र उनीहरुको जातीमा सुँगुर पाल्नु नै पर्छ भन्ने खालको मानसिकताले गर्दा होला यहाँ मान्छेको संख्या भन्दा सुँगुरको संख्या धेरै रहेको थियो । यहाँ मान्छेहरुलाई थाहा छैनकी सुँगुरलाई खोर बनाई राम्रो व्यवस्थापनमा खुल्ला चौरमा पाल्नुपर्छ भनेर । यसरी खुल्ला पाल्दा हामीले कुनै पनि घरधुरीमा चर्पी निर्माण गर्नु पर्दैन ताकी त्यस समयमा यस ठाउँको कुनै घरमा चर्पी थिएन । यहाँको मान्छेलाई यहि कुरा सजिलो थियो कि बिहान कुनै बेला शौचालय लाग्यो भने घर नजिकैको बाटोघाटोमा र केटाकेटीहरुले घरको आँगनमा गर्ने गर्दथे, अनि सुँगुर आउँछ खाइदिन्छ र सुँगुरलाई दाना दिनु परेको छैन भन्ने खालको सोचाई थियो । यस्तै किसिमको क्रियाकलापले गर्दा होला यहाँको बाटो, गाउँ टोल र घरमा विभिन्न समस्याहरु जस्तैः झाडापखाला, निमोनिया, भाईरल ज्वरो, जिवाणुजन्य रोगले बारम्बार सताइरहेको देखिन्थ्यो । उनीहरुलाई थाहा छैन यो समस्या हाम्रै कमजोरीले गर्दा भइराखेको छ भनेर । यहाँ भन्दा के नै गर्नु पर्यो भन्ने खालको सोचाईमा विश्वास राख्थे । कृषि र तरकारी खेती गरी खाने गर्दा गुणस्तरीय जीवनमा सहयोग मिल्छ भन्ने कुरा पनि थाहा थिएन अर्थात् पुरानै प्रवृत्ति अनुसार जीवन गुजारा भइराखेको थियो ।

पोखरीछाप बासीहरुलाई थाहा थिएन कि कूल खर्च कटाएर बचेको रकमलाई बचत भनिन्छ र बचत गर्नुपर्छ पछि गएर सानो रकम पनि ठूलो हुन्छ भनेर । यस्तै यस्तै सिलसिलामा वि.सं. २०११ मार्चदेखि यस ठाउँ यिनै चुनौतीहरुलाई मूख्य सवालको रुपमा लिएर यस ठाउँमा सहमति-समुन्नति कार्यक्रम मार्फत् पाईला टेक्न सफल भयो । समुन्नति कार्यक्रमले शुरुको वर्षमा यहाँको शिक्षित, अशिक्षित र अर्धशिक्षितमा रहेका महिला, दिदीबहिनीहरुको अधिकार सुनिश्चित गर्नको लागि र यहाँको विभिन्न यस्तै समस्याहरुलाई लिएर महिला वर्गहरुको चेतनास्तर वृद्धि गर्न र सामान्य आर्थिक स्थितिमा वृद्धि गराउनको लागि यस ठाउँमा विभिन्न महिला समूहहरु गठन गरी बचत गर्ने बानी बसाल्यो । यसै क्रममा समुन्नति कार्यक्रमले दोस्रो वर्षमा पनि यस्तै यस्तै किसिमको कार्यक्रमहरु जस्तैः तालीम, गोष्ठी, भ्रमण र मूख्य मूख्य समस्याहरुमा आर्थिक, मानसीक र प्राविधिक सहयोगको कुराहरुले सहयोगमा यहाँको मूख्य समस्या वातावरण सुधार गर्नुपर्दछ भन्ने कुराहरु लिएर अगाडी बढ्दै जाने क्रममा हालको समयमा यहाँको महिला, दिदीबहिनीहरुको सपना साँच्चिकै पूरा भएको छ उनीहरुको त्यस बेलाको नारा थियो की "एक घर एक चर्पी र सुँगुरको राम्रो व्यवस्थापन" समुन्नति कार्यक्रम र उनीहरुको यस नाराले अहिले एउटा सफलताको चरम शिखरमा चुम्न सफल भएको छ । अहिले प्रत्येक घरघरमा चर्पी निर्माण र बंगुरलाई राम्रो व्यवस्थापनमा खोर बनाई पाल्दै आउनुको साथै समयानुसार औषधी (जुका, माटेको औषधी) पनि खुलाउँदै गरेको पाईन्छ । अर्को मूख्य समस्या भन्नुपर्दा खाद्यसुरक्षामा यहाँ पहिला बजारीय खाद्यसामाग्रीहरु जस्तैः खुर्सानी, सोयाविन, सिद्रा, काउली, बन्दा बजारबाट नै आयात हुन्थ्यो भने अहिले आएर यस समस्यालाई केहि न्यूनिकरण गर्नको लागि घरघरमा करेसाबारी निर्माण, करेसाबारीमा विभिन्न प्रकारको ताजा तरकारी जस्तैः गोलभेडा, काउली, बन्दा, मुला, खुर्सानी, रायो आदि जस्ता ताजा तरकारी उत्पादन गरी विहान बेलुकीको छाक सहज तरिकाले टार्न सफल भएको देखिन्छ ।

त्यसबेला पोखरीछापका बासिन्दा माउ बिनाको चल्ला भने जस्तै अवस्थामा थियो भने अहिले पोखरीछाप साँच्चिकै ईलाकाको चरम स्थानमा पुग्न सफल भएको छ । त्यसबेला अनेत्रको मान्छेको सोचाई थियोकी पोखरीछाप त फोहोर फोहोरले भरिएको छ भन्ने अहिले पोखरीछाप एउटा नमूना गाउँको उपमा भएको छ । अहिले यहाँका महिला, दिदीबहिनीको सक्रियता अझै गाढा रहेको र अझ अहिले आएर आफ्नै सहकारी संस्था स्थापना छ । सबै महिला, दिदीबहिनी अर्थात् गाउँ नै समेटिने गरेर सहकारी संस्थामा शेयर सदस्यको रुपमा रहेका छन् भने पहिले बोल्न पनि लाज मान्ने, डराउने महिला, दिदीबहिनी अहिले आफै स्वनिर्णय गर्न सक्ने र कुनै बेला बखत गाउँमा सामाजिक कार्यक्रम होस् या आफ्नै सहकारीको साधारणसभामा होस् यहाँको दिदीबहिनीहरु अगाडी गई बोल्न सक्ने खालका भएका छन् । खुशी लाग्छ आगामी दिनहरुमा पनि पोखरीछापेली महिला, दिदीबहिनी यस्तै प्रगति र उन्नति होस् भन्ने कामना गर्दछु ।

# समुन्नति कार्यक्रमले अर्खला गाविसका समुदायमा पारेका प्रभावहरू

✍ पवित्रा राई

कृषि प्राविधिक (अर्खला गाविस), समुन्नति कार्यक्रम

अनेक अभाव र समस्यामा जीवन गुजारा गर्नु परेपनि सबैको बाँच्न पाउने अधिकार एउटै हो । जीविकोपार्जनका पाटाहरु मात्र फरक छन् । ६३३ घरधुरी रहेको अर्खला गाविसमा जीविकोपार्जन मूख्य पेशा कृषि रहेको छ । निर्वाहमुखी कृषि प्रणालीमा यहाँका मानिसहरु जीवन गुजारा गरिरहेको अवस्थामा सहमति तथा अक्सफाम हङ्कङ्को साझेदारीमा सञ्चालित समुन्नति कार्यक्रम अर्खला गाविसमा २०११ जनवरीदेखि शुरु गरिएको हो । संकटासन्नता न्यूनिकरण गर्दै दिगो जीविकोपार्जनको लागि समुदायको सशक्तिकरण मार्फत दिगो जीविकोपार्जनमा सुधार पुऱ्याउने लक्ष्य बोकेको यस कार्यक्रमले अर्खला गाविसमा संस्थागत विकास, कृषि/पशु विकास WASH तथा महिलाहरुको क्षमता अभिवृद्धि मार्फत जीविकोपार्जनमा सुधार गर्ने योजना सहित कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

यस अर्खला गाविसका मानिसहरु कृषि बालीमा धान, मकै, कोदो र अदुवा र थोरै मात्रामा दालबाली लगाउने गर्दथे । यी बाहेक सबै आवश्यक वस्तुहरु बाहिरबाट ल्याउने गर्दथे । परम्परागत कृषि प्रणालीमा आश्रित किसानहरु अहिले मकै, कोदो र अदुवा लगाउने बानीमा परिवर्तन गरेर मौषमी तथा बेमौषमी तरकारी उत्पादनमा सक्रिय बनेका छन् । जीविकोपार्जनका विभिन्न क्रियाकलापहरुमा महिलाहरुको सहभागिता उल्लेखनीय छ । कृषि पेशामा संलग्न महिलाहरुलाई कार्यक्रमबाट प्रदान गरिने आर्थिक तथा प्राविधिक सहयोगले आयआर्जनमा ठूलो सहयोग मिलेको छ ।

समुन्नति कार्यक्रम सहयोग मार्फत अर्खला गाविसमा सशक्त नारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड स्थापना भई दोस्रो वर्षमा चलिरहेको छ । यस सहकारीमा १-९ वटै वडाका महिला, दिदीबहिनीहरु आवद्ध छन् । सहकारी र समुन्नति कार्यक्रम मार्फत प्रत्येक वडामा १ देखि ७ वटासम्म महिला समूहहरु बनेका छन् । यिनै सहकारी र समूहमा आवद्ध महिला दिदीबहिनीहरुलाई क्षमता अभिवृद्धिका लागि धेरै कार्यक्रम सञ्चालन भएका छन् । जुन कार्यक्रमले गर्दा महिला दिदीबहिनीहरुमा सहकारी, समूह र आफ्नो गाउँटोलको नेतृत्व गर्न सक्ने क्षमताको विकास भएको छ । आफ्नो गाउँटोल/समूहमा सरसफाई अभियान साथै समूहमा आवद्ध सबैले करेसाबारीको अभियान चलाई रहेका छन् ।

सहकारी मार्फत समुन्नति कार्यक्रमको सहयोगमा हालसालै कृषक सहायता केन्द्र स्थापना भएको छ । यस कृषक सहायता केन्द्रले महिला, दिदीबहिनीहरुलाई धेरै राहत मिलेको छ । थोरै तरकारीको बिउ किन्न ३ देखि ५ घण्टाको बाटो जानुपर्ने झन्झटबाट मुक्त भएका छन् । पशुपतिको दर्शन सिद्राको व्यापार भने झै सहकारीको काममा आउने र त्यहिबाट सिजन अनुसारको तरकारीको बिउ लिएर करेसाबारीमा लगाई स्वस्थ र ताजा तरकारी खाने गरेका छन् । अहिले यस गाविसको महिला दिदीबहिनीहरुले तरकारी किन्ने पैसा समूह र सहकारीमा बचत गरी पहिलेका घर नजिकका प्रयोग विहिन थोरै जग्गामा भएपनि ८५ प्रतिशत महिला दिदीबहिनीहरुले करेसाबारीको थालनीले तरकारी किनेर खानुपर्ने बाध्यता टरेको छ र यस गाविसको वार्ड नं. २,४,५,६ र ७ मा एक घर एक करेसाबारीको थालनी भई आफ्नो परिवारमा चाहिने तरकारी आफ्नै करेसाबारीमा उत्पादन गर्न थालेका छन् । त्यस्तै बाँकी वार्डहरुमा पनि समूह छलफल तथा समूह अन्तर्क्रिया कार्यक्रम मार्फत समूहमा आवद्ध दिदीबहिनीहरुले करेसावारीको महत्व बुझी आफ्नो परिवारलाई आवश्यक पर्ने तरकारी आफ्नै करेसाबारीमा लगाउन थालेका छन् । साथै विभिन्न समूहबाट १० जना किसान करेसाबारीदेखि शुरु गरेर अहिले व्यवसायिक तरकारी खेती गर्न थालेका छन् ।



पशु विकास कार्यक्रमले पशु वस्तुहरुमा पनि धेरै सुधार आएको छ । कार्यक्रमबाट बंगुरको खोर सुधार र बंगुरको नयाँ जातका पाठापाठीको विकास भएको छ । नश्ल सुधारको लागि ब्याड बोका सहयोग क्रियाकलापले गर्दा बाख्रामा Cross Breeding गराई गाउँमा राम्रा जातका बाख्राहरु उत्पादन भएकोले किसानहरु बाख्रापालन व्यवसायतर्फ पनि लागेका छन् । त्यसैगरी समूह मार्फत छनौट भएका निम्न वर्गिय परिवारलाई बंगुरको पाठापाठी र खोर सुधारमा सहयोगले गर्दा अहिले गाउँमा बंगुरको खोर सुधार र राम्रा उन्नत जातका बंगुरका पाठापाठी गाउँमा भित्रिन थालेको छ । पहिले च्वाँचे र हुर्रा जातको सुँगुर मात्र पालिने यस गाविसमा अहिले उन्नत जातका पाखिवास कालो, योर्कसायर ल्याण्डरेश र ड्युरोक जातका बंगुर पाल्न थालेकाछन् ।

कार्यक्रम मार्फत केहि घरधुरीलाई भाँडा राख्ने स्थानीय ऱ्याक बनाउनको लागि सहयोग गरिएको थियो । भाँडा माझ्ने भूईमै राख्ने यस ठाउँमा अहिले ६३३ घरधुरी मै सरसफाई अभियान मार्फत समूह छलफलले गर्दा स्थानीयस्तरको भाँडा राख्ने ऱ्याक बनाएर भाँडा माझिसकेपछि ऱ्याकमा सुकाउने गरेका छन् । समुन्नति कार्यक्रम अन्तर्गत यो सानो क्रियाकलापले थोरै लगानीमा पनि अर्खला गाविसमा सरसफाईमा ठूलो परिवर्तन आएको देख्न सकिन्छ । त्यसैगरी कार्यक्रम मार्फत सानो सिञ्चाई योजनामा सहयोग क्रियाकलापले पनि अर्खला गाविसको वार्ड नं. ८ र ९ का किसानहरुलाई ठूलो राहत मिलेको छ । कुलो बनेपछि लाभान्वित परिवारका सदस्यहरुले भन्न थालेका छन् । ''सिञ्चाई नभएर ७-८ वर्ष बाँझो बसेको खेत सहमति मार्फत कुलो मर्मतको सहयोग पाएर यो वर्षदेखि हाम्रो बाँझो जग्गामा पहेलो धानको बाला झुलेको छ ।''

यस्ता खालका सानो सहयोगले पनि समुदायमा ठूलो परिवर्तन आउन सक्ने रहेछ भन्ने सिकाई यस अर्खला गाविसमा देख्न सकिन्छ ।

समुन्नति कार्यक्रमले अर्खला गाविसका मानिसहरुलाई जीविकोपार्जनमा पारेका प्रभावहरुको बारेमा कार्यक्रमबाट लाभान्वित परिवार र समूहमा आवद्ध व्यक्तिहरुले व्यक्त गरेका बिचारहरु :

*सिमेन्ट पोखरी निर्माण पश्चात् डबल फाइदा, पोखरीमा माछा त्यहि पोखरीको पानीबाट तरकारीमा सिञ्चाई गरी मैले यो हिउँदमा माछा र तरकारी गरी रु.२५ हजारको आम्दानी लिएँ । यो मेरो पहिलो वर्षको सिकाई हो । अब मैले जीविकोपार्जनको पाटा यही व्यवसायलाई लिएको छु ।*

– प्रेम बहादुर पुलामी/जसमति पुलामी
मिलिजुली महिला कृषक समूह, अर्खला–६

*एक वर्ष भयो म मेरो घर खर्च तरकारी खेतीबाट टार्दै आएको छु । अहिलेदेखि त बेमौषमी तरकारी खेती पनि गर्न थालेको छु र अहिले मैले २ रोपनी जग्गामा तरकारी लगाएको छु ।*

– दुर्गामाया सारु, अध्यक्ष
मिलन महिला कृषक समूह, अर्खला–७ चित्रपानी

*मकै लगाउँदा १० डोका नहुने जग्गामा तरकारी लगाएरै जीविकोपार्जन हुने रहेछ । अहिले मैले १.५ रोपनी जग्गामा बेमौषमी तरकारी खेती गर्न थालेको छु । अहिले म प्लाष्टिक टनेल भित्रको गोलभेडा रु.८० के.जि.को दरले बेचिरहेको छु ।*

– भीमा लुंगेली/बेलमति लुंगेली
मिलिजुली महिला कृषक समूह, अर्खला–६

*पहिले म मेरो बारीमा साग मात्र लगाउने गर्थे । मलाई तरकारी लगाउने बारे त्यति राम्रो ज्ञान थिएन । यही साल फाल्गुण महिनादेखि मैले मेरो श्रीमतीलाई पनि समूह र सहकारीमा आवद्ध गराएँ र सहमति संस्था मार्फत मैले एउटा सिमेन्ट पोखरी बनाएँ । पोखरीमा माछा र पोखरीको पानीबाट सिञ्चाई गरी हिउँदे तरकारी लगाउन सिके । माछा र तरकारीबाट मैले रु.६ हजार लिएँ । अहिले मैले १.५ रोपनी जग्गामा पुरै तरकारी लगाएको छु ।*

– यक बहादुर लुंगेली/यममाया लुंगेली
लाली गुराँस महिला कृषक समूह, अर्खला–४

*घर छेउको अरुको बारी मागेर तरकारी लगाउन सिकेको । तरकारी बेचेर ४५ सय लिएँ । हामीलाई लगाउने समय थाहा नभएर रहेछ । दुःख भएको अहिले मैले आफ्नै बारीमा सिञ्चाईको लागि सिमेन्ट पोखरी र प्लाष्टिक टनेल राखेको छु र १ रोपनीमा तरकारी लगाएको छु । हिउँदमा त २ रोपनी जग्गामा तरकारी लगाउँछु ।*

– यमकुमारी पुलामी
मिलन महिला कृषक समूह, अर्खला–९ कमलीकोट

*सहमति मार्फत विभिन्न तालिम र गोष्ठीमा सहभागी हुने मौका पाएर मेरो जीवनमा परिवर्तन आएको छ । मैले अहिले मेरो व्यवसायिक पेशा कृषिमा तरकारी खेती रोजेको छु र अहिले मैले १.५ रोपनी जग्गामा बेमौषमी तरकारी लगाएको छु ।*

– गुञ्जबहादुर सुनारी
धुव्रतारा कृषक समूह, अर्खला–३, देउराली

*सामुदायिक जग्गामा तरकारी खेती गरेर, तरकारी बेचेको पैसा हामी समूहका सबै सदस्यहरुले सहकारीमा बचत गर्न थालेका छौं ।*

– देवचुली महिला कृषक समूह
अर्खला–२, चुलोबोझ्रा

❀❀❀

# महिलाहरु सहकारीमा लागेपछि पुरुषले ऋण खोज्नु परेको छैन

✍ हुमीसरा चिडी
स्थानीय सामुदायिक सहजकर्ता, समुन्नति कार्यक्रम



भनिन्छ गाउँघरमा महिलाहरुलाई महिलाको जन्म हारेको कर्म महिलाहरु भनेको त अर्कोको गरी खाने जात हुन । महिलालाई पढाउनु भनेको त बालुवामा पानी हाल्नु जस्तै हो । महिलाको जीवन भनेको घरदैलो, चुलोचौकोमा वित्ने हो । केहि कुरा गर्न वा गाउँको बैठकमा सहभागी भयो भने बैठक नै अछुतो भयो भन्ने गरिन्थ्यो । महिलालाई केहि आफूलाई चाहिने समान लिन पर्‍यो भने पाँच रुपैया पनि माग्नु पर्थ्यो । त्यो पनि सजिलै कहाँ पाइन्छ र बचन सँगसँगै दिने गरिन्थ्यो । महिलाहरु डर र त्रासमा बाचिरहेको थियो । नवलपरासी जिल्ला अन्तर्गत पर्ने अर्खला गाविसका महिलाहरु पनि पुरुषको दबावले होला आ–आफ्नो नामसम्म पनि भन्न नसक्ने र तालिम/गोष्ठीहरुमा सहभागी हुन नसक्ने, घरबाट पनि जान हुँदैन भन्ने मानसिकता थियो ।

जब अक्सफाम हङ्हङ् र सहमति संस्था बीचको साझेदारीमा सञ्चालित समुन्नति कार्यक्रम २०११ अप्रिलमा अर्खला गाविसमा काम गर्न शुरु गरी गाविस भरी नै रहेको महिला दिदीबहिनीहरुलाई बचत समूहमा गठन गरी कार्यक्रमले विभिन्न किसिमको तालिम, गोष्ठीहरु सञ्चालन गर्दा पनि सहभागी हुन नखोज्ने र पछि समूह हराउँछ हामीले केहि जानेको छैन, हामीले केहि गर्न सक्दैनौं भन्ने किसिमका भय महिला दिदीबहिनीमा पनि रहेको थियो । किन कि यस कार्यक्रमले काम गर्नु भन्दा पहिला हिकोडेफ र महिला विकासले पनि महिला समूहहरु गठन गरी विचैमा छोडी समूहहरु छुटफुट भएर समूहमा जम्मा भएका बचत पनि हराउने गरेको रहेछ । त्यसकारणले महिलालाई समूहमा आवद्ध गर्न कठीन भई रहेको थियो । समुन्नति कार्यक्रमले समूह गठन गरी बचत हिसाब किताब राख्ने देखि लिएर विभिन्न किसिमको गोष्ठी, तालिम र महिलाहरुको हक, अधिकारको बारेमा निरन्तर सहयोग गर्दा समूहलाई अझ बलियो र दिगो बनाउनका लागि कार्यक्रमको सहयोग मिल्यो । जसको फलस्वरुप जिल्ला डिभिजन सहकारी कार्यालय परासीमा महिलाहरुको समूहमा आधारित सशक्त नारी बचत तथा ऋण सहकारी संस्था लि. २०६८ सालमा दर्ता गर्न सफल भयो । यस सहकारी दर्ता भएपछि यस गाविसका महिलाहरुलाई धेरै सहयोग भएको छ । संस्था दर्ता भएपछि पाँच रुपैया पनि श्रीमानसँग माग्नु पर्ने महिलाहरु अहिले आफूलाई चाहिने सामान र छोराछोरीको पढाई खर्च समेत आफै सहकारीबाट २०/३० हजारको ऋण लिई कारोवार गर्न सक्ने भएका छन् । पहिला महिलाहरु माथि अनेक किसिमको कुरा काट्ने गाउँका बुद्धिजिवीहरुले अहिले गाउँमा कुनै किसिमका झैझगडा मिलाउन र गाउँ विकासको कार्यमा महिलाहरुलाई सहभागी गराउँछ । आजभोली त हिजो पाँच रुपैया दिनु पर्दा बचन लाईलाई दिने श्रीमान्ले आज मैले ऋण खोज्दा पाईदैन भने मेरी श्रीमतीले ऋण खोज्दा एकैछिनमा ३०/४० हजार रुपैयाँ सजिलोसँग निकाल्न सक्छिन्, भन्दछन् । अहिले संस्थामा शेयर सदस्य ४४४ जना रहेको छ भने शेयर पूँजी रु. ३,८१,००० र बचत हिसाब रु.५,९५,३०९ रहेको छ भने हालसम्म यस संस्थामा तीन प्रकारको बचत रहेको छ । जसमा बालबचत, ऐच्छिक बचत, मासिक बचत रहेको छ ।

❀❀❀

# तथ्याङ्कमा सहमति

| क्र. सं | कार्यक्रमको नाम | साझेदार संस्था | कार्यक्षेत्र: कार्यरत जिल्ला | कार्यक्षेत्र: कार्यक्रमले समेटेको गाबिसहरु | लाभान्वित घरधुरी | लाभान्वित संख्या – जातियताको आधारमा: दलित | जनजाति | अन्य | जम्मा | लिङ्ग र बर्षको आधारमा: महिला | युवा | कर्मचारी: महिला | पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) साझेदारी कार्यक्रम | | | | | | | | | | | | | |
| १ | समुन्नति कार्यक्रम | अक्सफाम हङ्कङ्ग | नवलपरासी कपिलवस्तु | नवलपरासी-७ कपिलवस्तु-१ | ४२८० | ६५० | ४११५ | ६२० | ५३८५ | ४८८५ | | ५ | ५ |
| २ | ग्रामीण युवा विकास कार्यक्रम | आबु इन्टरनेशनल | नवलपरासी | पहाडि भेगका ४ गा.वि.स. | १९०६ | ७५० | १११५२ | ६७० | १२५७२ | ४९९८ | ५७८६ | ४ | ६ |
| ३ | लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम | प्लान नेपाल | सिन्धुली | २० गा.वि.स. | २०४९ २ | १९५६ | १००५९ | ५४०८ | १७४२३ | १७४२३ | ११३८९ | ५ | ५ |
| ४. | रोजगार सेवा केन्द्र | जि.आई.जेड. / एस.टि.पि.पि . | नवलपरासी, चितवन, कपिलवस्तु, मकवानपुर र रुपन्देही | कार्यक्षेत्रका सम्पूर्ण व्यवसायिक दक्ष तालिम प्राप्त पूर्व माओवादी लडाकू र वरीपरी समुदायका युवाहरु | | | | | | | | १ | १ |
| ५ | दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम | प्लान नेपाल | बाग्लुङ्ग, म्याग्दी | १८ गा.वि.स. | ८५०० | ३६९९ | १३३१ | ३७१५ | ८७४५ | ८७४५ | - | २४ | ६ |
| ६ | किशोरि शक्ति परियोजना | प्लान नेपाल | म्याग्दी | २० गा.वि.स. | ४७८८ | १५९८ | ३६४२ | ११९७ | ६४३७ | ६४३७ | १२१७ | १२ | २६ |
| ७ | अमिलो जातका फलफुलहरुको बजार प्रवर्द्धन परियोजना | लुथरन वर्ल्ड रिलिफ | नवलपरासी | २ गा.वि.स. | ४०० | २३ | ३७७ | - | ४०० | ५५ | - | १ | २ |
| ख. केन्द्रीय कार्यालय | | आन्तरिक | नवलपरासी | | | | | | | | | १ | ८ |
| जम्मा | | - | ८ जिल्ला | ७२ गा.वि.स. | ४०,३६६ | ८,६७६ | ३०,६७६ | ११,६१० | ५०,९६२ | ४२,५४३ | १८,३९२ | ५३ | ५९ |

# कार्यक्रम गतिविधि

**सहमतिले आफ्ना कार्यक्रमहरुलाई २ कार्यगत विषयमा विभाजित गरेको छ ।**

विषयगत क्षेत्र-१ मा सामाजिक परिचालन र सामुदायिक विकास रहेको छ, जस अन्तर्गत निम्न साझेदारी कार्यक्रमहरु रहेका छन् ।

**समुन्नति कार्यक्रम नवलपरासी, कपिलवस्तु**

ग्रामीण स्वावलम्बन प्रयासहरुको प्रवर्द्धन (समुन्नति) कार्यक्रम गत सन् २००५ मार्च महिनादेखि शुरु भएको अक्सफाम हङ्कङ्गसँगको साझेदारीमा सञ्चालित कार्यक्रम हो । समुदायको सशक्तिकरणद्वारा संकटासन्नता न्यूनीकरण गर्दै दीगो जीविकोपार्जनमा सहयोग पुऱ्याउने, जसले गुणस्तरीय जीवन र समुदायको सम्पन्नतालाई आफ्नो लक्ष्य बनाएको छ ।

- हाल प्रत्यक्षरुपमा कार्यरत गाविसमा कूल समूह संख्या १८७ तथा सहकारी संख्या ५ वटा रहेका छन् जसमा १ करोड ८० लाख रकम संकलन भई परिचालित गरिएको छ ।
- व्यवसायिक कृषि/पशुपालन तथा तरकारी वर्षै भरी लगाउने संख्या ६ गाविसमा गरी ४०० घरधुरी पुगेको छ ।
- घाँस खेतीका लागि ३० रोपनी जग्गामा अम्रिसो रोपण कार्य तथा १०० घरधुरीले फलफूल रोपी घर बगैंचा तयार गरेका छन् ।
- स्थानीय निकाय (गाविस) स्थानीय गाविसस्तरीय कृषि समिति तथा सहकारी संस्थाहरु र कार्यक्रम बीचको सहकार्य र समन्वयमा कृषि प्राविधिक कर्मचारी नियुक्तिको शुरुवात भएको छ ।
- कृषक सदस्यहरुलाई कृषि बिउविजन र अन्य कृषि सामाग्रीहरुमा पहुँच पुऱ्याउन ४ वटा गाविसमा रहेका सहकारी मार्फत कामको शुरुवात भएको छ ।
- कार्यक्षेत्र रहेका नयाँ तथा पुराना सबै गाविसका समूहमा करेसाबारी प्रवर्द्धनमा विशेष जोड दिइएकोले बालबालिकाहरुको स्वास्थ्यमा सकारात्मक सुधारहरु देखिएका छन् ।

**लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धी कार्यक्रम, सिन्धुली**

सहमति र प्लान नेपाल, सिन्धुलीद्वारा सञ्चालित लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम सन् २०१० देखि सिन्धुलीको २० गा.वि.स.मा सञ्चालन गरिएको छ । सिन्धुलीको पहाडी भेगमा रहेका ग्रामीण महिलाहरुको सामाजिक तथा आर्थिक सशक्तिकरण, पारिवारीक, सांस्कृतिक विकास गरी समग्र गुणस्तरीय जीवनमा योगदान गर्दै ग्रामीण महिला समूह, सहकारीको संस्थागत क्षमता विकास गर्ने कार्यक्रमको लक्ष्य रहेको छ ।

- २० वटा महिला सहकारीहरुमा यस अवधिमा ३०८ जना नयाँ शेयर सदस्यहरुको प्रवेश भएको छ । सहकारीहरुमा यस अवधिमा रु १०,२२,०००। शेयर पुँजी र रु ४२,७३,०००। बचत रकम संकलन भएको छ । बर्तमान अवस्था अनुसार २० वटा महिला सहकारीहरुमा हाल १६३५० शेयर सदस्यहरु रहेका छन भने रु

१,५७,३०,०००। शेयर पुँजी र रु ३,३७,१३०००। बचत रकम संकलन भएको छ । सहकारीहरुमा जम्मा रु ६,१५,८५,०००। बराबरको कारोबार रहेको छ ।

- एक चरण ४ दिने कर्मचारी अध्ययन अवलोकन भ्रमण सम्पन्न भएको छ जसबाट कार्यक्रममा कार्यरत कर्मचारीहरुक क्षमता अभिबृद्धि भई कार्य सम्पादनमा प्रभावकारीता बढेको छ ।
- २ वटा महिला सहकारीहरुलाई फर्निचर सहयोग गरिएको छ जसका कारण महिला सहकारीहरुको कार्यालय व्यवस्थापन र कार्यसम्पादनमा सहयोग पुगेको छ ।
- कार्यक्षेत्रका १०१९ महिला समूह, २० वटा महिला सहकारी संस्थाहरु, १ वटा बचत तथा ऋण सहकारी संघ र २० वटा युवा महिला संस्थाहरु र एउटा जिल्ला युवा महिला संजालको संस्थागत विकासका लागि कार्यक्रमले निरन्तर परामर्श र सहजिकरण प्रदान ।

**ग्रामीण युवा विकास कार्यक्रम, नवलपरासी**

सहमति र AWO International, Germany सँगको साझेदारीमा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रम नवलपरासी जिल्लाको ४ वटा गा.वि.स. मा जनवरी २००८ देखि निरन्तर रुपमा सञ्चालन भइरहेको छ । यस कार्यक्रमले ग्रामीण क्षेत्रमा रहेको युवा जनशक्तिलाई परिचालन गरी गाउँको विकासमा अग्रणी भूमिका निभाउनको लागि विभिन्न किसिमका आयमूलक कार्यक्रमहरु गर्दै आइरहेको छ । यस कार्यक्रमको मूख्य उद्देश्य नेपालमा दिनानुदिन बढ्दै गइरहेको युवा जनशक्तिलाई क्षमता अभिवृद्धि गरी स्वदेशमै रोजगारीका अवसरहरु सिर्जना गरी ग्रामीण क्षेत्रका समुदायहरुको गुणस्तरीय जीवनमा पहुँच पुगोस् भन्ने रहेको छ ।

- कार्यक्षेत्रका चार सहकारीहरुमा २,३१० सदस्यहरु (युवा, महिला) संगठित भएका छन् । यी सहकारीहरुमा जम्मा ७५ लाख रुपैंया संकलन गरी १,५१२ घरधुरीबाट आर्थिक कारोवार सञ्चालन भएको छ । सहकारी मार्फत युवाहरुलाई वित्तीय कारोबारमा गुणस्तरीय सेवा प्राप्त भएको छ ।
- कार्यक्षेत्रका ७८ स्वावलम्वी समूहहरुले विभिन्न सामाजिक विकासका कार्यहरु गर्दै आइरहेका छन् । स्थानीय युवाहरुले व्यवस्थापन गरेका गैसस मार्फत यी समूहहरुले समुदाय विकासमा थप क्रियाकलापहरु सञ्चालन गरेका छन् । हालसम्म स्थानीय गैसस मार्फत ७२ शौचालय, ५८ बंगुरका खोर सुधार, ९ स्थानमा फरक क्षमता भएका व्यक्तिहरुसँग छलफल, १ स्थानमा एकल महिलाहरुसँग छलफल तथा गाविसस्तरमा जुठेल्नो सुधार तथा सरसफाईका क्रियाकलापहरु र वातावरण संरक्षणका कार्यहरु सञ्चालन भएका छन् ।
- युवाहरुमा सूचना लिने र दिने बानीको विकास भएको छ । मूख्यतयाः सुरक्षित वैदेशिक रोजगारका लागि कार्यक्षेत्रका युवाहरु सूचना केन्द्र जाने, अभिमुखीकरण तालिममा सहभागी हुने र वैदेशिक रोजगारीमा जानुभन्दा पहिले विभिन्न अफिसहरुमा लेखाजोखा गर्ने र छलफल गर्ने बानीको विकास भएको छ ।
- विभिन्न कृषि तथा गैरकृषि तालिमहरुमा १७७ जना कृषकहरुलाई सीप विकास सम्बन्धी तालिम प्रदान, जसमध्ये ४६ प्रतिशत कृषकहरु युवा रहेका छन् । यसैगरी कार्यक्षेत्रका ८४ जना युवाहरुले गैरकृषि सीप विकास तालिम प्राप्त गरेका छन् ।
- युवाहरु सहकारी, स्थानीय गैसस, सूचना केन्द्रहरुमा संगठित हुने र समुदाय तथा गाउँघरको विकास निर्माणमा सक्रिय सहभागी हुने प्रचलन स्थापना भएको छ ।
- कृषि तथा गैरकृषि क्षेत्रका विभिन्न आयआर्जनका क्रियाकलापहरुलाई व्यवस्थित गर्दै युवाहरु आफ्नै गाउँघरमा स्वरोजगार हुने वातावरण तयार भएको छ ।

**दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम, बाग्लुङ्ग/म्याग्दी**

सहमति र प्लान नेपालको साझेदारीमा बाग्लुङ्ग जिल्लाको अधिकारीचौर, देविस्थान, खुङ्गा, मल्म, काँडेवास, नरेठाँटी, हटिया, दुदिलाभाटी, पैयूपाँटा, अमलाचौर, नारायणस्थान गा.वि.स. र म्याग्दी जिल्लाको वरंजा ,सिहा, कुहुँ ,राखुपिप्ले, घतान, राखु भगवती र पुलाचौर गा.वि.स. गरी कूल १८ गा.वि.स.हरुमा दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम सन् 2011 डिसेम्वरदेखि निरन्तर संचालित कार्यक्रम हो । यस कार्यक्रमको मूख्य उद्देश्य बाग्लुङ्ग र म्याग्दी जिल्लाका दलित महिला तथा अपाङ्गता भएका परिवारका महिलाहरुलाई समूह तथा सहकारीमा आवद्ध गराई वित्तीय सेवामा पहुचँमा वृद्धि गरी उनीहरुको दिगो आयश्रोतको विकासमा सहयोग गर्ने रहेको छ ।

- कार्यक्रमेका क्षेत्रको १८ वटा महिला सहकारीमा ५३२० जना आवद्ध जसमा १७९६ जना दलित, ८३५ जना जनजाति र २६८९ जना ब्राम्हण/क्षेत्री/ठकुरी छन् भने १६३ जना अपाङ्गता घरपरिवारका सदस्य छन् ।
- सहकारीहरुको सदस्यहरुको जम्मा बचत रु १,०१,२६,६५२।०० र शेयर पूँजी रु ४९,६६४००।०० रहेको छ ।
- कार्यक्षेत्रमा ४१६ महिला समुहमा ८७४५ जना आवद्ध जसमा ३६९९ जना दलित १३३१ जना जनजाति र ३७१५ जना ब्राम्हण/क्षेत्री /ठकुरी र ६३८ जना अपाङ्गता घर परिवारका सदस्य छन् ।
- सहकारीको मूख्य पदमा ४४ प्रतिशत दलित सदस्य र समूहको मूख्य पदमा ४२ प्रतिशत दलितको सहभागिता रहेको छ ।
- ३३ जना कृषकले भरखरैमात्र टनेलभित्र व्यवसायिक टमाटर खेतीबाट ३,३९,०००। आम्दानी लिन सफल र टमाटर उत्पादन निरन्तर ।

**रोजगार सेवा केन्द्र**

**नवलपरासी, कपिलवस्तु, मकवानपुर, चितवन र रुपन्देही**

बढ्दो युवा बेरोजगारी, त्यसबाट सिर्जना भएको निराशा र पलायनलाई सम्बोधन गरी स्वदेशमै रोजगारीका अवसरहरुलाई सही सदुपयोग गर्न र देशको विकासमा योगदान पुर्‍याउनका लागि नमूनाका रुपमा सहमति र जिआइजेड/एस.टि.पि.पि. को साझेदारीमा रोजगार सेवा

केन्द्र स्थापना गरिएको हो । सन् २०१३ जनवरीदेखि रोजगार सेवा केन्द्रको स्थापना भएको हो ।

- हालसम्म विभिन्न क्षेत्रमा तालिम लिएका १२६ जना व्यक्तिहरुको प्रोफाइल तयार
- हालसम्म विभिन्न क्षेत्रका रोजगार दाताहरुको २७ वटा प्रोफाइल तयार
- मकवानपुर जिल्लाको उद्योग वाणिज्य संघको समन्वयमा फर्निचर व्यसायीहरुसंगको अन्तरक्रिया कार्यक्रम सम्पन्न
- कार्यक्षेत्रमा पर्ने सबै उद्योग वाणिज्य संघहरुसँग नियमित वैठक एवं सूचना आदान प्रदान गर्ने कार्य भइरहेको ।
- २ जना स्वरोजगार भएका छन् र १६ जना रोजगारी प्राप्त गरेका छन् ।

**अमिलो (Citrus) जातका फलफूलहरुको बजार प्रवर्द्धन कार्यक्रम**

"अमिलो (Citrus) जातका फलफूलहरुको बजार प्रवर्द्धन परियोजना" नवलपरासी जिल्लाले सुन्तलाको पकेट क्षेत्र घोषणा गरेका २ गाविस (डाँडाझेरी र जौवारी) मा सहमति र लुथरन वर्ल्ड रिलिफको साझेदारीमा सञ्चालित परियोजना हो । यस परियोजनाको लक्ष्य डाँडाझेरी र जौवारी गाविसका सुन्तला उत्पादक किसानहरुको आम्दानी २०% ले वृद्धि गर्ने रहेको छ ।

- तिन दिने २ वटा आधुनिक सुन्तला उत्पादन सम्बन्धी तालिम तथा एकदिने ४ वटा कृषक अभिमुखीकरण कार्यक्रम सञ्चालन जसमा २६८ (१८५ पुरुष तथा ८३ महिला) जना सहभागिता ।
- कृषकहरुलाई सुन्तला टिप्ने, स्तरीकरण, प्याकेजिङ तथा भण्डारण गर्ने नयाँ पद्दतीको बारेमा अभिमुखीकरण तथा तालिम सञ्चालन ।
- कृषकहरुले आधुनिक सुन्तला उत्पादन सम्बन्धी ज्ञान तथा सीप प्राप्त गरी गुणस्तरीय रुपमा सुन्तला उत्पादन तथा बृद्धिगर्ने कार्यमा संलग्न ।
- सुन्तला उत्पादक कृषकहरुले सुन्तलाको बजार मूल्य श्रृखलाको बिष्लेषण गर्ने क्षमताको विकास गर्नुको साथै बजारमा पहुचको बृद्धि गरेका छन् ।
- १३ वटा सुन्तला समूहमा रहेका ४०० कृषक परिवार ( ३४५ पुरुष तथा ५५ महिला) ले सुन्तला उत्पादन सम्बन्धी नयाँ ज्ञान तथा सीपको विकास गरेका छन् । २ वटा शुन्य शीत भण्डार निर्माण गरी भण्डारण क्षमता तथा पहुँचमा बृद्धि गरेका छन् । जसले गर्दा सुन्तला बिक्री गर्ने समयको फरक पारी सुन्तला खेतिबाट बढिभन्दा बढी आम्दानी लिन सफल ।
- कृषकहरुले सुन्तला उत्पादनमा प्रयोग हुने उन्नत कृषि औजार सहयोग स्वरुप प्राप्तगरि प्रयोग गर्न शुरुवात भएको ।

**किशोरी शक्ति परियोजना म्याग्दी**

सहमति र प्लान नेपालको साझेदारीमा म्याग्दी जिल्लाको अर्मन, बाबियाचौर, वेगखोला, चिमखोला, दग्नाम, दाना, दर्वाङ, देवीस्थान, झिं, ज्याम्रुमकोट, कुइनेमंगले, लुलाङ, मुदी, निस्कोट, ओखरबोट, पाखापानी, पात्लेखेत, रत्नेचौर, रुम र ताकम गरी कूल २० गा.वि.स. मा किशोरी शक्ति परियोजना सञ्चालित छ । यस कार्यक्रमको मुख्य उद्देश्य वित्तीय स्रोत र जीविकोपार्जनका अवसरहरु माथिको पहुँचबाट समुदायको आय आर्जनमा वृद्धि गर्नु रहेको छ ।

- २० वटा महिला सहकारी प्रवर्द्धन जसमा ३,९५७ जना महिला सदस्यहरु आवद्ध र रु. ७०,४५,०००/- बचत रकम संकलन साथै रु. ८९,७०,०००/-शेयर पूँजी संकलन ।
- १०७४ जना किसानहरुले करेसाबारी व्यवस्थापन गरी रु ३४,५७,१५६/- आम्दानी गर्न सफल ।
- २६५ वटा प्लाष्टिक घरमा व्यावसायिक टमाटर उत्पादन र रु. ३८,१०,२१० आम्दानी गर्न सफल ।
- २५६ वटा स्वाबलम्बी महिला समूहहरु प्रवर्द्धन जसमा ६,४३७ महिला सदस्यहरु आवद्ध ।
- किसानहरुलाई वितरण गरिएका उन्नत जातका राँगाहरुबाट २५१ वटा सेवा प्रदान साथै सेवा शुल्क वापत रु. १,५१,१००/- रकम संकलन ।

**केन्द्रीय कार्यालय गतिविधिः**

- २०७०/४/६ गते जेट.एफ.डि. (ZFD) का शान्ति सहजकर्ता श्री क्रिस्टिन केनद्वारा शान्ति स्थापना र द्वन्द्व रुपान्तरण विषयक १ दिने कार्यशालाको सहजिकरण कार्य सम्पन्न जसमा संस्थाका कार्य समिति सदस्य, सदस्य, केन्द्रीय कार्यालयका कर्मचारी र साझेदारी कार्यक्रमका कार्यक्रम संयोजकहरु गरी कूल १७ जना सहभागी ।
- लोकतन्त्र र निर्वाचन पर्यवेक्षण-नेपाल (DEW-Nepal) सँग संविधान सभा निर्वाचन २०७० पर्यवेक्षणका लागि जिल्लास्तरीय सञ्जालमा संस्थागत रुपमा सहकार्य सफलतापूर्वक सम्पन्न ।
- २०७०/५/२१ गते सहमति महिला सेलद्वारा आयोजित तीज विशेष शुभकामना कार्यक्रम र २०७०/६/२४ गते संस्थाद्वारा विजया दशमी एवं शुभ दिपावलीको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम सहमति केन्द्रीय कार्यालयमा सम्पन्न ।
- २०७०/८/ २८ र २९ गते सहमतिको १५ औं साधारणसभा एवं पाँचौं अधिवेशन तथा सामाजिक परीक्षण तथा पुरस्कार/सम्मान कार्यक्रम सम्पन्न ।

**सहमति अध्ययन केन्द्र**

- जम्मा तालिम सञ्चालन दिन : २२५ दिन (गत साधारणसभादेखि २०७० कार्तिक मसान्तसम्म)
- कूल सहभागी : १७५६ (महिला : १०६२, पुरुष : ६९४)
- जम्मा सहभागी संघसंस्था : २१ (राष्ट्रिय/अन्तर्राष्ट्रिय)

**सहज स्वास्थ्य सहकारी संस्था लि., नवलपरासी**

- सहज स्वास्थ्य सहकारी संस्था लि. र किसान बचत तथा ऋण सहकारी संस्थाको संयुक्त आयोजनामा २०७०/०४/११ गते डा. एलिजावेथ र डा. अशोक थापाको प्रयासमा निशुल्क शिविर संचालन गरेको थियो । उक्त स्वास्थ्य शिविरबाट ३४ जना व्यक्तिहरु लाभान्वित (महिला २१ र पुरुष १३ जना) ।
- नियमित स्वास्थ्य परीक्षण सेवा अन्तर्गत ओपिडिमा २३५ जना प्रयोगशालमा १४३ जना, आकास्मिक सेवामा १२२ जना, परिवार

स्वास्थ्य कार्यक्रममा घरदैलो सेवा ८३७ जना, एक्सरेमा ६१ जना, ई.सि.जि.मा २२ जना, अल्ट्रा साउन्डमा २० जनाले सेवा लिनु भएको छ ।

- आषाढ महिनामा जर्मनबाट पाल्नु भएकी विशेषज्ञ डा. एलिजावेथ र डा. अशोक थापाको संयुक्त प्रयासमा २०७०/०४/८ गते गैंडाकोट–२, ढोडेनीमा निशुल्क स्वास्थ्य शिविर संचालन गरिएको थियो । जसबाट ११७ जना लाभान्वित (महिला ९३ र पुरुष २४ जना)
- सहज स्वास्थ्य सहकारी संस्था लि. र किसान बचत तथा ऋण सहकारी संस्थाको संयुक्त आयोजनामा २०७०/०५/१४ गते डा. अशोक थापाको प्रयासमा निशुल्क शिविर संचालन गरको थियो । उक्त स्वास्थ्य शिविरबाट ३० जना व्यक्तिहरु लाभान्वित (महिला १४ र पुरुष १६ जना )
- सहज स्वास्थ्य सहकारी संस्था लि. र किसान बचत तथा ऋण सहकारी संस्थाको संयुक्त आयोजनामा २०७०/०६/११ गते डा. अशोक थापाको प्रयासमा निशुल्क शिविर संचालन गरेको थियो । उक्त स्वास्थ्य शिविरबाट १८ जना व्यक्तिहरु लाभान्वित (महिला १० र पुरुष ८ जना)
- सहज सामुदायिक अस्पतालले हरेक शुक्रवार नियमित खोप सेवा संचालन गर्दै आएको छ । यस अन्तर्गत ६९ जना बालबालिकाले सेवा लिसकेका छन् ।
- यस सहज सामुदायिक अस्पतालले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (चिकित्सा सेवा महाशाखा) को मिति २०७०/४/३१ गतेको निर्णयानुसार यस सहज सामुदायिक अस्पताललाई ५१ शैयाको जनलर अस्पताल सञ्चालन स्वीकृत प्राप्त गरेको थियो ।
- सहज सामुदायिक अस्पतालको ५१ शैयाको विधिवत स्वीकृत पश्चात सरकारवालाहरुसंग सेवा विस्तार र प्रभावकारिताका लागि मिति २०७०/५/१४ गते अन्तक्रिया कार्यक्रम गरिएको थियो । ❁ ❁ ❁

## हार्दिक बधाई तथा शुभकामना

यस सहमति संस्थाको मिति २०७०/८/२८ र २९ गते सम्पन्न १५ औं साधारणसभा तथा पाँचौं अधिवेशनबाट आगामी ३ वर्षका लागि सर्वसम्मत रुपमा चयन हुनु भएका कार्य समिति सदस्यज्यूहरुमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।


श्री रत्नप्रसाद सापकोटा
अध्यक्ष


श्री प्रेमसागर सुवेदी
उपाध्यक्ष


श्री अशोकराज पोखरेल
महासचिव


श्री नारायणी बास्तोला
कोषाध्यक्ष


श्री भीमप्रसाद शर्मा
सदस्य


श्री एकनाथ रिजाल
सदस्य


श्री नगेन्द्रप्रसाद रिजाल
सदस्य


श्री लक्ष्मी भट्राई
सदस्य


श्री कल्पना मि.के.
सदस्य

**सहमति परिवार, गैंडाकोट-५, नवलपरासी**

# समुन्नति कार्यक्रम र मेरो जीवन

✍ लालबहादुर नेपाली
कृषक, जौवारी-४, कुटिया, नवलपरासी



समाजमा आफ्नो जीवनयात्रा सहज, सरल र पारदर्शी बनाउने सपना सबैमा हुन्छ । यस्तै सपना र चाहना अनि सामाजिक पृष्ठभूमि अनुरुपको आफ्नो जीवन हुनुपर्छ भन्ने महत्वाकांक्षा बोकी रोजगारीको शिलशिलामा आफ्नो लामो समय बिताएँ तर न त वैदेशिक रोजगारीमा सफल भएँ न त स्वदेशमै । यस्तो नैरस्यताले निकै पोल्यो र म विभिन्न गन्तव्य हिन सपनाको पछि लाग्ने सोच बनाइरहेको बखत ढुंगा खोज्दा देउता मिले झै सहमति गैंडाकोटको समुन्नति कार्यक्रमले भेटायो । त्यतिबेला समुन्नति कार्यक्रम जौवारीमा २-३ वर्ष पुरानो भइसकेको रहेछ । विस्तृत रुपमा बुझ्ने क्रममा समुन्नति कार्यक्रमले कृषिमा निकटबाट नियालेको पाएँ र त्यही समुन्नति कार्यक्रमको सहयोग र मेरो समुदायको जनसहभागिताको जनश्रमदानमा २०,००० लिटर क्षमता भएको सिमेन्ट पोखरी १ इन्च क्षमताको पाइपमा १ हजार मिटर टाढा देखिको पानीले गर्दा सिञ्चाईमा ठूलो सहयोग भयो । साथै यस्ता कैयौ सहयोगका बावजुद् मैले प्लाष्टिक टनेल लगायत विउविजन र अन्य कृषि सामाग्री समेत सहयोग पाएँ । समुन्नति कार्यक्रमको माया ममताले र महत्वपूर्ण दूरगामी सल्लाह, सुझावले गर्दा आज म आफ्नो जिन्दगीलाई सही र सफल गन्तव्यमा पुऱ्याउन सफल भएको छु । साथै समुन्नति कार्यक्रमको यस किसिमको प्रेरणाले मलाई भविष्यमा एक सफल र सवल कृषक बनाउँछ भन्नेमा पनि ढुक्क छु । समुन्नति कार्यक्रम मार्फत उपलव्ध कृषि प्राविधिक जेटिएले मेरो यस कदमको आफ्नो क्षमता र दक्षताले सक्ने सम्मको काम गरेर अत्यन्त महत्वपूर्ण योगदान पुऱ्याउनु भएको छ । यो सहयोगले गर्दा म आज आफ्नो परिवारको महत्वपूर्ण आवश्यकता परिपूर्तिमा समेत सक्षम भएको छु ।

शुरुवातमा मैले कृषिबाट के नै उपलव्धी होला र भनि खासै विश्वास भएको थिएन तर कृषिमा जतिको मानवीय सेवामूलक कार्य र आफ्नो जीवनोपयोगी आम्दानी अन्यत्र कतै पनि नहुँदो रहेछ भने छर्लङ्ग भएको छ । परम्परा र देश नै कृषिले अड्याएको र भविष्य पनि यही कृषि मै समुन्नत हुने भएकाले कृषि भन्दा अन्य पेशा महत्वपूर्ण भएता पनि त्यहाँ दूरगामी परिवर्तनको कुनै आधार छ जस्तो मलाई लाग्दैन । मेरो पनि पृथक कैयन सपना हुँदाहुँदै पनि आज वास्तविक जस्तो र दिगो आधार भएको र गन्तव्यको पहिचान भएको सपना यही बन्न पुग्यो । कृषि मैले देखेको सपना नभई समुन्नति कार्यक्रमको सल्लाह, सुझाव र सहयोगमा अनि मेरो जीवनको असफल यात्रामा सहज र वास्तविकता र दिगो आधार भएको मेरो मार्गचित्र हो ।

समुन्नति कार्यक्रमले मलाई जुन अवस्थाबाट परिवर्तन गरी आजको यस सहज अवस्थामा पुऱ्याउन सफल भयो त्यस कदमको म उच्च सम्मान गर्दै भावी घडीमा पनि म यो क्रमलाई निरन्तरता दिदै मेरो सफलतालाई समुन्नति कार्यक्रमको सफलता हो भनि अगाडी

*(बाँकी १३ औं पेजमा)*

# सहकारीको संस्थागत विकासमा समुन्नति कार्यक्रम

✍ सिर्जना श्रेष्ठ
व्यवस्थापक, ममता महिला साकोस, भारतीपुर गाविस



ममता महिला बचत तथा ऋण सहकारी संस्था लि. भारतीपुर गाविसमा गठन भएका विभिन्न महिला स्वावलम्वन, बचत, कृषि, पशुपालनसँग सम्बन्धित समूहहरुको सञ्जालको रुपमा मिति २०६७।०६८ मा स्थापना भएको हो । सहकारी ऐन र नियम अनुसार सहकारी दर्ता गर्न पाउने अधिकार जनतामा निहित भएपनि ग्रामीण भेगमा बसोबास गर्ने हामी जस्ता साधारण महिलाहरुको लागि सजिलो थिएन । महिला तथा बालबालिका कार्यालय परासी, नवलपरासीले सहकारी स्थापना गर्न धेरै पहल गरेपछि हाम्रो यस ममता महिला बचत तथा ऋण सहकारी संस्था लि. दर्ता गर्न सफल भयौ । त्यस पश्चात् हाम्रो यस महिला सहकारीलाई हर्षको सीमा रहेन । त्यस पश्चात् पनि हामीले एकवर्षसम्म सहकारी राम्रोसँग सञ्चालन गर्न सकेका थिएनौं र पुनः सहमतिद्वारा सञ्चालित समुन्नति कार्यक्रमबाट यस संस्थालाई छोटो समयमा राम्रो ढंगबाट सञ्चालन गर्नको लागि तालिम र प्रशिक्षणहरुद्वारा सहज ढंगबाट संस्थालाई अघि बढाई रहेका छौ । यस संस्थालाई दिगो रुपमा अगाडी बढ्नको लागि सहयोग पाएकोमा सहमति संस्थालाई धन्यवाद नदिई रहन सक्दैनौ ।

सहकारी संस्था स्थापना भई सकेपछि पनि त्यसको सञ्चालन, व्यवस्थापनमा धेरै चुनौतीको सामना गर्नु पऱ्यो । थोरै सदस्यले सहकारी चल्न कठीन भएकोले भारतीपुर गाविस जस्ता भौगोलिक रुपमा छरिएका वस्तीहरुलाई समेट्न र सदस्य बढाउन कठीन थियो । सञ्चालक समिति र व्यवस्थापक दुवै तर्फबाट स्वयंसेवी रुपमा काम गर्नुपर्ने स्थिति पनि छदै थियो । अर्को महत्वपूर्ण चुनौती भनेको सहकारीको लेखा व्यवस्थापन र सञ्चालन सीप, दक्षता पनि नभएको अवस्था थियो । यति धेरै चुनौतीको अगाडीबाट आज हाम्रो ममता महिला बचत तथा ऋण सहकारी संस्था एक पाइला अघि बढेको स्थिति छ । हामीलाई एक पाइला अगाडी बढ्नको लागि सहमति समुन्नति कार्यक्रमको अतुलनीय योगदान रहेको छ भन्ने हामीले ठानेका छौं । सहकारीको लेखा व्यवस्थापनदेखि विभिन्न खालको अन्य व्यवस्थापन पक्षमा र नेतृत्व सीप विकासमा समुन्नति कार्यक्रमले ठूलो सहयोग गरेको छ । जसको कारण हामीमा अव सहकारी चलाउन सक्छौ भन्ने आत्मविश्वास वृद्धि भएको छ । अन्य सहयोगी निकायसँग समन्वय, सहकार्य र सहयोगको लागि हातेमालो गर्ने क्षमता हामीमा बढेको छ । यस ममता महिला बचत तथा ऋण सहकारी संस्था स्थापना भईसकेपछि यसमा आवद्ध सबै महिला समूह र शेयर सदस्यहरुले गर्व गर्नुपर्ने एउटा महत्वपूर्ण पक्ष भनेको महिलाहरुको स्वाभिमानमा आएको वृद्धि हो । हाल यस गाविसमा महिलाहरुलाई पुरुष र समाजको आँखाबाट हेर्ने दृष्टिकोण फेरिएको छ । जसको उदाहरण धेरै छन् । ती मध्ये गाविसमा हुने हरेक सार्वजनिक कार्यक्रममा महिलाको उल्लेख्य उपस्थिति हो । जुन सहकारी स्थापना पहिले थिएन ।

*(बाँकी १३ औं पेजमा)*

# युगचेतनाले मुकुन्दपुरका महिलाहरूको आत्मसम्मान बढेको छ

✍ मिना महतो

व्यवस्थापक, युगचेतना नारी बचत तथा ऋण सहकारी संस्था लि., मुकुन्दपुर

नवलपरासी जिल्ला मुकुन्दपुर गाविस वार्ड नं.-२ मा वर्षौं अघिदेखि विभिन्न समूहहरु गठन गरेको स्थानीय महिला समूहको पहल र सहमति संस्थाको सहयोगमा समूहमा आधारित युगचेतना नारी बचत तथा ऋण सहकारी संस्था लि.को रुपमा २०६४ असोज १० गते विधिवत रुपमा डिभिजन सहकारी कार्यालय, परासीमा दर्ता गरिएको हो । समाजमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी समाजमा बसोबास गर्ने सदस्यहरुको आर्थिक आवश्यकतालाई सम्बोधन गर्ने र समाजलाई आर्थिक, सामाजिक, सांस्कृतिक पक्षबाट सबल बनाउन स्थापना गरिएको हो ।

यस युग चेतना नारी बचत तथा ऋण सहकारी संस्था लि.ले सदस्यहरुलाई बचत गर्ने बानीको विकास गर्दै सहकारी शिक्षा शिविर, आयमूलक तालिम, सीपमूलक तालिमहरु सञ्चालन गर्दै आएको छ । यस संस्था स्थापनाको छैठौ वर्ष सफलतापूर्वक पार गर्दै सातौ वर्षमा यात्रा गरिरहेको छ । यस सहकारी संस्था नवलपरासी जिल्ला बचत तथा ऋण संघ गैंडाकोटमा जिल्ला सहकारी संघ परासीमा आवद्ध भइसकेको छ र आन्तरिक राजस्व कार्यालयको भरतपुर, चितवनमा पनि दर्ता भईसकेको छ ।

यस संस्थाले बचत तथा ऋणमा सहभागी गराउँदै सदस्यहरुको आयआर्जन र सशक्तिकरणमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । सदस्यहरुलाई आत्मनिर्भर बन्न प्रेरणा र हौसला समेत दिईदै सम्मानपूर्वक किसिमले जीवनयापन गर्न वातावरण बनाउँदै आइरहेको छ । त्यसैगरी संस्थाले उत्कृष्ट बचतकर्ता, असल ऋणीलाई समेत साधारण सभामा सम्मान गरी सामाजिक कार्यमा सहभागीता जनाउँदै आईरहेको छ । पहिले १० रुपैंया बचत गर्न तयार नहुने, नसक्ने महिलाहरु बिस्तारै थोरै थोरै बचतले हामी आत्मनिर्भर बन्छौ र बुढेसकालको साहारा हुन्छ भन्ने बुझी कुखुरापालन, बाख्रापालन, बंगुरपालन, तरकारी खेती, किराना पसल, तरकारी पसल, टेलर व्यवसाय गरी खर्च कम गर्न आम्दानी बढाउनुपर्छ भन्ने धारणाले अहिले मासिक बचत न्यूनतम रु.१०० देखि २,००० सम्म बचत गर्दै आइरहेका छन् । साथै सहकारीमा रहेको सबै प्रकारको बचतमा समेत बचत गर्दै आईरहेको अवस्था छ । साथै नेतृत्व विकास, क्षमता विकास पनि बद्दै गएको अवस्था छ । १९,००० हजार शेयर पूँजीबाट शुरु गरेको संस्थामा अहिले ३० वटा महिला समूह आवद्ध रहेको छ । ५९३ जना शेयर सदस्य संख्या, ४ वटा बालबचत समूह निर्माण गरी सञ्चालन गर्दै ११५ जना बालबालिकाले बचत गर्दै आइरहेको छन् । संस्थामा अहिले ९ लाख ३७ हजार २ सयको शेयर पूँजी छ भने ५६ लाख ७८ हजार ९ सय बचत रहेको छ । ७० लाख बराबर सदस्यहरुलाई ऋण प्रवाह गरेको अवस्था छ । यसैगरी कूल कारोबार ८५ लाखको कारोवार गर्दै आईरहेको छ । यस सहकारीबाट व्यवसाय हेरी बिना धितोमा सर्वसुलभ ब्याजदरमा रु.५०,००० सम्म ऋण लगानी गरी महिला, बालबालिकाको शिक्षा, स्वास्थ्यमा समेत सहयोग पुगेको छ । घरेलु तथा साना व्यवसायी, कृषि पशुपालन व्यवसायी, तरकारी खेती र अन्य व्यवसायी सदस्यहरुको जीवनस्तरमा सुधार भएको छ । जसले गर्दा महिलाहरु माथि श्रीमान, घरबाट, समुदायले विश्वास गर्न थालेको छन् । आर्थिक सुधार साथै मान, सम्मान, हैसियत, नेतृत्व विकास, क्षमता विकाससँगसँगै बढिरहेको छ । महिलाहरु माथि हुने घरेलु हिंसा, समाजबाट हुने सामाजिक हिंसा न्यूनिकरण हुँदै पारिवारीक, सामाजिक मद्दत लिन सक्ने भएका छन् । महिला जतिखेर पनि गाउँ, समाज विकास निर्माण विषयको बैठकमा समेत महिलाहरुको सहभागितालाई आवश्यक ठान्दैन थियो । श्रीमान्‌को कमाईमा मात्र घर व्यवहार चलाउने गर्नुपर्थ्यो भने यी महिलाहरुले के बुझेका छन् ? के जानेका छन् ? के गर्न सक्छन् भनेर भनिन्थ्यो ? आज विकास निर्माण र स्थानीयस्तरको धेरैजसो सामाजिक काममा पनि महिलाहरुको अगुवाई तथा सहभागिता बद्दै गएको, घर व्यवहार पनि महिलाले नै चलाइरहेको अवस्था छ । जुन आफैंमा एक महत्वपूर्ण उपलव्धी र सिकाइ हो । ❁❁❁



## सहकारीको ........

यस ममता महिला बचत तथा ऋण सहकारी संस्थामा पहिले सामना गरिएको चुनौतीहरु अहिले क्रमशः कम हुँदै गएका छन् । त्यसैले हाल यसका शेयर सदस्य संख्या ४०२ जना पुगेको छ । यस्तै समूहहरु आवद्ध हुने क्रम बढेर २४ वटा समूह पुगेका छन् । यस सहकारी संस्थाको कूल कारोवार रकम (बचत, ऋण, पूँजी, पूँजीगत अनुदान, कोष हिसाव र बाह्य ऋण) यी सबै शिर्षकबाट रु.२१,७४,३७७।- पुगेको छ । सहकारी संस्थाले आफ्नो संस्थागत दिगोपनाको लागि आफ्नै नाममा करिव डेढ रोपनी जमिन खरिद गरी भवन निर्माणको पूर्व तयारीमा रहेको छ । सहकारी दैनिक कारोबार सञ्चालनको लागि १ जना व्यवस्थापक र कृषि पशुपालनमा व्यवसायिकता विस्तार गर्न १ जना कृषि प्राविधिक समेत परिचालन गर्न सफल रहेको छ । अन्तमा सहकारी संस्था सञ्चालनमा आवश्यक दक्षता पूर्ण भई नसकेकोले सहमति समुन्नति कार्यक्रमले अझ दक्षता बढाउन केही वर्ष हातेमालो गर्दै अगाडि बद्ने छ भन्ने विश्वास यस सहकारी संस्थाका सञ्चालक समितिलाई रहेको छ । ।❁❁❁

## समुन्नति ...........

बद्ने दृढ संकल्प गरेको छु । साथै म अन्त्यमा के आग्रह गर्न चाहान्छु भने व्यक्ति शिक्षित स्नातोकोत्तर पास गरेर होइन उसको क्षमता र योग्यताको समुचित सदुपयोग गरेर हुन्छ, तसर्थ आफ्नो लगनशिलतालाई कहिल्यै पनि पछि नपारी पुर्ख्यौली कृषि पेशालाई परिमार्जित गरी जीवन समुन्नतिको मार्गमा अगाडी बढाउन कति पनि पछि पर्नु हुने छैन भन्ने विश्वास टक्र्याउन चाहन्छु । साथै आज मेरो जीवनलाई सफल बनाउन हरबखत तम्तयार मेरो प्रिय साथी समुन्नति कार्यक्रम र त्यस कार्यक्रमलाई बोकेर मेरो समुदायसम्म भित्र्याउने सहकर्मी अनि सहमतिका जन्मदाताप्रति सदा सर्वदा स्मरण रहने प्रतिज्ञा गर्दछु । ❁❁❁

# सहमति सामाजिक लेखा परीक्षण प्रतिवेदन

✍ रुद्रप्रसाद पराजुली
स्वतन्त्र सामाजिक लेखापरीक्षक



सामाजिक लेखाजोखा यस्तो प्रक्रिया हो जसमार्फत सेवाग्राही वा अधिकारवाला र सरोकारवालहरुले संस्थाको कार्यक्रम, गतिवधि र स्रोतको प्रभावकारिता र शान्दर्भिकता विश्लेषण र समीक्षा गरी सल्लाहसुझाव दिन्छन् । सामाजिक लेखाजोखा सम्बन्धित संस्था र त्यसको लक्षित वर्ग वा ग्राहक, साझेदार वा सरोकारवालाहरु बीच सम्वाद गराएर संस्थाको सामाजिक, नैतिक, वातावरणीय, वित्तीय र व्यवस्थापकीय कार्यसम्पादन बुझ्ने, मापन, रिर्पोट र सुधार गर्ने माध्यम हो । ***(श्रोतः एआईएन, जुन २०१०)***

यिनै कुरालाई मध्य नजर गर्दै, संस्थाको संस्थागत छबी अझ बढी प्रभावकारी बनाउँदै लैजाने सन्दर्भमा सहमति संस्थाले आयोजना गरेको यस सामाजिक परीक्षणको अभ्यासलाई सकारात्मक प्रयासको रुपमा स्वीकार गर्दै सामाजिक परीक्षणको क्रममा देखा परेका कुरालाई निम्नानुरुपमा प्रस्तुत गरिएकोछ ।

**सामाजिक परीक्षणको उद्देश्यः**

संस्थालाई यसका लाभग्राही, अधिकारवाला र सरोकारवालाप्रति उसको व्यवहार, नीति र अभ्यासहरुमार्फत संस्थाको जवाफदेहिता, पारदर्शिता र उत्तरदायित्व बढाउने ।

**सामाजिक लेखापरीक्षण (सालेप) गर्दा अपनाइएका प्रकृयाहरुः**

संस्थाले संचालन गरेका कार्यक्रम, सेवा र बजेटका सबै आवश्यक अभिलेखहरु अध्ययन र विश्लेषण गर्ने । सालेप गर्न प्राप्त दस्तावेजहरुको प्रमाणिकताको जाँच गर्न अन्तरवार्ता, छलफलद्वारा सुझाव संकलन गर्ने । सम्वन्धित संस्थाका कार्यसमितिका पदाधिकारीहरु, कार्यक्रम संयोजक तथा अन्य सकृय सदस्यहरुसँग आवश्यक जानकारीहरु हासिल गर्ने । सामाजिक लेखा परीक्षणका सम्वन्धमा सम्वन्धित संस्थाले आयोजना गरेको छलफल एवं बैठकमा सहभागी हुने । संस्थाले गरेका गतिविधि/कृयाकलाप/Case study सम्बन्धी पत्रपत्रिकाबाट संकलित सूचनाहरुको अध्ययन् गर्ने । संस्थासंग सम्बन्धित अधिकारवाला तथा सरोकारवालाहरुको राय/सुझाव संकलन तथा उपलव्धी सम्बन्धी जाँच गर्ने । जस्ता प्रकृयाहरु अवलम्वन गरिएको थियो ।

**विषयगत क्षेत्रः सामाजिक परिचालन र सामुदायिक विकास**

यस विषयगत क्षेत्र अर्न्तगत कूल ११ वटा साझेदारी कार्यक्रमहरु महिला, बालबालिका, युवा, अपाङ्ग, किसान, विपन्नहरुको आर्थिक, सामाजिक, राजनैतिक सशक्तिकरणका लागि विभिन्न निकायहरु क्रमशः प्लान नेपाल, एडब्लुओ इन्टरनेशनल, अक्सफाम, एक्सन एड नेपाल, जिल्ला विकास समिति, नवलपरासी, लुथरन वर्ल्ड रिलीफ, GIZ/STPP, लिवर्ड पोखरा, GIZ/ZFD संगको साझेदारीमा संचालित छ । जसले यस आर्थिक वर्षमा ८ जिल्लाको ८३ गाविसहरुलाई आफ्नो कार्यक्षेत्रको रुपमा विस्तार गर्न सफल भएको देखिन्छ । साझेदारी कार्यक्रमको अवसरहरुमा सामाजिक समावेशिकरणको विद्यमान अवस्था हेर्दा यस वर्षको साझेदारी कार्यक्रमले जम्मा ५६४६७ वटा घरधुरीलाई समेट्न सकेको देखिन्छ । जसमा पनि लाभान्वित जनसंख्यालाई हेर्दा कूल १६७७९२ मध्ये जातजातिको दृष्टिकोणले हेर्दा दलित २१०३३ (१३%), जनजाती ८३२६८ (५०%) र अन्य ६३४९१ (३७%) रहेको छ । कूल लाभान्वित जनसंख्यामा लिगैंक दृष्टिले हेर्दा महिला ९४५५६ (५६%) र युवा १७९७६ (११%) रहेको देखिन्छ ।

**साझेदारी कार्यक्रमका प्रमुख समस्या वा चुनौती**

प्रारभिंक चरणमा सहकारीहरुसँग प्रयाप्त ऋण लगानी गर्ने क्षमता नहुँदा समुदायको चासो कम देखिनु । युवाहरुको आर्कषण वैदेशिक रोजगारमा बढी केन्द्रित हुने गरेकोले युवा केन्द्रित कार्यक्रम संचालनका लागि युवा परिचालन गर्न असुविधा । कृषि पेशाप्रति समुदायको आर्कषण कम हुनु । स्थानीय उत्पादनले बाह्य उत्पादन संग स्वच्छ प्रतिस्पर्धा गर्न नसक्नु । स्थानीयस्तरमा जन प्रतिनिधि नहुनाले स्थानीयस्तरमा संचालित कार्यक्रमलाई प्रभावकारी बनाउन नसक्नु ।

**विषयगत क्षेत्रःसिकाई र सृजनशिलता :**

**सबल पक्ष** : सहमति अध्ययन् केन्द्र वार्षिक रुपमा ३६५ दिनमा २२५ दिन (६२%) दिन संचालनमा ल्याई जसबाट केन्द्रले एक वर्षमा १७५६ जनाको विविध विषयमा क्षमता तथा सिप विकासको अवसर श्रृजना गर्न सफल भएको छ । जसमा पनि महिला १०६२ जना (६१%) को सहभागिता रहेको छ । सहमति शान्ति पुस्तकालय जसले संस्थामा आवद्ध सम्पूर्ण व्यक्ति तथा आगन्तुकहरुको ज्ञान अभिबृद्धिमा टेवा पुऱ्याउने प्रमुख उद्देश्यले संचालित छ । जसमा विभिन्न अध्ययन् तथा उपयोगी सामाग्रीहरु व्यवस्थापन गरी सुरुवात गरिएकोछ । संस्थाको प्रारम्भिक अवस्था देखि नै स्वास्थ्य क्षेत्रमा सहयोग पुऱ्याउन सञ्चालित एम्बुलेन्स सेवाबाट हालसम्म कुल १०,१८० जनाले यसको सेवा उपयोग गरेका छन् । सहजको आवाज स्वस्थय समाज भन्ने नाराका साथ १०९६ जना शेयर सदस्यद्वारा स्थापित ५१ शैयाको सहज स्वास्थय सहकारी संस्था लि. जसले यस आर्थिक वर्षमा मात्र ५९०८ जनालाई र हालसम्ममा १०५३९० जनालाई स्वास्थय सेवा प्रदान गर्न सफल भएको छ । यसै वर्ष मात्र विभिन्न निकायको सहयोग र आफ्नै प्रयासले १८ वटा स्वास्थय शिविर संचालन गर्न सफल भएको छ ।

**सुधार गर्नु पर्ने पक्ष :**

सहमति अध्ययन केन्द्रको प्रभावकारी सेवा प्रदान गर्न र थप व्यवसायिकतामा जोड दिई संस्थागत आम्दानीको श्रोत श्रृजना गर्न विविध तालिम प्याकेज निर्माण गरि संचालान गर्नु पर्ने । सहमति शान्ति पुस्तकालयको प्रभावकारी रुपमा नियमित संचालनका लागि जिम्मेवारी हस्तान्तरण गरि थप आकर्षण, नीतिगत व्यवस्था,

सामाग्रीहरुको विविधतामा जोड दिनु पर्ने । सहमति एम्बुलेन्स, सहज स्वास्थय सहकारी संस्था लि. र सहमतिको लक्षित समुदायको स्वास्थ्य सम्बन्धी समस्या समाधानका लागि त्रिपक्षिय आपसी समन्वय, सहकार्य, अन्तरसम्बन्धको विकास बारे थप स्पष्टता ल्याउन संहमति संस्थाले संयोजन गर्नतर्फ जोड दिनु पर्ने । सहज स्वास्थ्य सहकारी संस्था लि. मा गुणस्तरीय एवं प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्न थप आकर्षण बृद्धि गरि श्रोत संकलन, प्रभावकारी व्यवस्थापन, बजारीकरण आदी कुरामा जोड दिनु पर्ने ।

**विषयगत क्षेत्रः व्यवस्थापन पक्ष**

**सवल पक्षहरु :** कार्यसमितिको मासिक बैठक १४ वटा अर्थात लक्ष्य भन्दा २ वटा मासिक बैठक बढी बसेको देखिन्छ, जसमा औसत उपस्थितिलाई हेर्दा ७५% देखिन्छ । संस्थाको कार्यसमितिको कूल संख्या ९ जना रहेको र जसमा पनि महिला वा दलित वा जनजातीबाट २ जना (२२%) को सहभागिता हुनु पर्नेमा लैगिंक दृष्टिले महिलाबाटै (दलित समेत) ५ जना पर्ने गरि (५५.६%) को सहभागितामा कार्यसमिति गठन भएको देखिन्छ । जसमा पनि एकल महिला २ जना (२२%) को सहभागिता रहेको छ । दक्षजनशक्ति उत्पादनतर्फ यस आर्थिक वर्ष २०६९/७० मा विविध तालिम र अध्ययन भ्रमणको अवसर प्रदान गरि १५ जना दक्षजनशक्ति उत्पादन गरेको देखिन्छ । यस आर्थिक वर्षमा १० वटा अवधारणा पत्र र पुर्ण प्रस्ताव पेश गरेको देखिन्छ, यस किसिमको प्रयासले यस वर्ष ५ वटा नयाँ साझेदारी कार्यक्रम बृद्धि गर्न (५०%) लक्ष्य हाँसिल गर्न संस्था सफल भएको देखिन्छ ।

**संस्थागत सुशासन तर्फः** संस्थागत पारदर्शिता, सूचनाको प्रभावकारी प्रसारका लागि नियमित रुपमा सहमति सन्देश जस्ता बुलेटिन, बार्षिक प्रतिवेदन (अंग्रेजी तथा नेपाली), ब्रोसियर, फ्लायर, डायरी, सुशासन डायरी, नोटबुक, वोर्कसप नोट, वेब साईड अपडेट (प्रत्येक ३ महिनामा), आदीलाई निरन्तरता दिई सरोकारवाला र सेवाग्राहीमा संस्थागत छवी सकारात्मक बनाउन सफल भएको देखिन्छ । लक्षित समुदायमुखि साझेदारी कार्यक्रमतर्फः लक्षित समुदायमा संस्थागत सुशासन प्रर्वधनका लागि सामुदायिक स्कोर कार्ड, स्वः अनुगमन तथा मुल्याकंन, सार्वजनिक सुनवाई, सामाजिक लेखापरीक्षण, सरोकारवाला र अधिकारवालाको सयुंक्त अनुगमन, होर्डिगं बोर्ड, बजेट सार्वजनिकिकरण, सहभागितात्मक योजना तर्जुमा तथा कार्यान्वयन जस्ता कृयाकलापलाई जोड दिइएको पाइन्छ । समावेशी सिद्धान्तलाई अवलम्बन गर्न संस्थागत व्यवस्थापन निर्देशिका २०६४ को दफा २ को २.१.२ मा व्यवस्था गरे अनुसार पदपूर्ति उपसमितिको काम, कर्तव्य, र अधिकारमा दलित, जनजति तथा पछाडी पारिएका वर्गहरुलाई विशेष ग्राह्यता दिने भन्ने व्यवस्था रहेको देखिन्छ । जस अनुसार कर्मचारी भर्नाको अवस्था हेर्दा कूल १४० जना मध्ये महिला ९१ जना अर्थात ६४.५ प्रतिशत र दलित, जनजातीबाट ६३ जना अर्थात ४५ प्रतिशत सहभागिता रहेको कुरा निकै सकारात्मक देखिन्छ । यस्तै किसिमले साधारण सदस्य संख्या ३५ जना रहेको यस संस्थामा महिला २० जना (५७ प्रतिशत) रहनु पनि लैगिंक सहभागिताको दृष्टिले निकै सकारात्मक रहेको देखिन्छ ।

**सुधार गर्नु पर्ने पक्षहरु :**

आन्तरिक लेखा परीक्षण गर्ने भन्ने नीतिगत व्यवस्था संस्थागत व्यवस्थापन नीति निर्देशिका, २०६४ को दफा ५ को उपदफा ५.६.१ नीतिमा प्रस्ट रुपमा भएता पनि सो अनुसारको व्यवहारिक कार्यान्वयन प्रभावकारी नभएकोले ध्यान आकर्षित हुनु पर्ने । संस्थागत नीति निर्माण तह र कार्यान्वयन तहमा एउटै व्यक्तिको दोहरो भुमिकाले गर्दा वर्तमान परिवेशमा साझेदार वा सहयोगी निकाय तथा नीतिगत मूल्य मान्यता विपरित देखा परेको हुनाले यस किसिमको दोहरो भुमिकाको कारण भविष्यमा संस्थागत विकासमा अवरोध श्रृजना हुने संभावना बढ्दो रहेकोले सो तर्फ संस्थागत नीतिनिर्माताहरुको ध्यान आकर्षित गराइएको छ । स्पोन्सर सिप कार्यक्रमलाई व्यवहारिक कार्यान्वयनमा जोड दिन सकेमा संस्थागत दीगो भूमिकालाई सकारात्मक प्रभाव पर्ने हुनाले सो तर्फ संस्थाको ध्यान आकर्षित गराइएको छ । प्रत्येक उपसमितिको टि.ओ.आर. निर्माण गरि व्यवस्थापन नीति निर्देशिका, २०६४ ले समेटन नसकेका कुराहरुलाई स्पष्ट रुपमा समेटनु पर्ने । उदाहरणको लागी बोलपत्र आव्हान प्रकृया, खरिद र पदपुर्ती आचारसंहिता आदि । ❁❁❁

**सहमति गैंडाकोट र प्लान नेपालको साझेदारीमा सञ्चालित किशोरी शक्ति परियोजना म्याग्दी अन्तर्गत व्यवसायिक कृषि खेती सम्बन्धी २०७० मंसिर ३० गतेको कान्तिपुर र ाष्ट्रिय दैनिक पत्रिकाको कृषकको पानामा प्रकाशित समाचारको अंश ।**



कृषकको पाना

# टनेलमा व्यावसायिक खेती

■ घनश्याम खड्का

म्याग्दी– बाबियाचौरकी बेलकुमारी केसीका श्रीमान् चार वर्षदेखि कतारमा छन् । उनले दुई वर्षदेखि तीन वर्षकी छोरीको स्याहार, एक घन्टा पैदल हिँडेर मंगला शिक्षा क्याम्पसको पढाइ भ्याएर प्लास्टिकका घरभित्र व्यावसायिक तरकारी खेती गरिरहेकी छन् ।

छिमेकी ध्रुव हमालका पनि श्रीमान् पाँच वर्षदेखि बहराइनमा छन् । हमालले दुई वर्षदेखि साढे तीन रोपनी जग्गा भाडामा लिएर प्लास्टिक घर (टनेल) भित्र र बाहिर व्यावसायिक तरकारी खेती गरिरहेकी छन् ।

'एक वर्षअघिसम्म करेसाबारीमा अलिअलि तरकारी रोपिन्थ्यो । एक वर्षदेखि प्लास्टिक घरमा बेमौसमी तरकारी खेती सुरु गरेकी छु,' बेलकुमारीले भनिन्, 'श्रीमान्को कमाइमा मात्र भर पर्नुभन्दा आफैंले तरकारी खेती गरेकी हुँ । घर खर्च चलाएर ४० हजार नगद आम्दानी भयो ।'

वैदेशिक रोजगारीले आयस्तरमा बृद्धिसँगै गाउँघरको खेतबारी बाँझो राख्दै छोराछोरीलाई अंग्रेजी शिक्षा दिन कतिपय महिला सहर झरेपछि गाउँको जनजीवन प्रभावित भएको छ । गाउँमा केही महिला भने व्यावसायिक तरकारी खेतीमा लागेका छन् ।

उनीहरू प्लास्टिकको टनेलमा मौसमी/बेमौसमी तरकारी खेती गरेर वार्षिक ५० हजारदेखि ८० हजार रुपैयाँसम्म आम्दानी गरिरहेका छन । अघिल्लो सिजनमा उनीहरूले तरकारी बिक्री गरी ३० हजारदेखि ५० हजार रुपैयाँसम्म नगद आम्दानी गरे ।

अहिले उनीहरूका टनेलमा लटरम्म टमाटर र काँक्रा फलेका छन् । टनेलबाहिरको बारीमा बोकाउली, काउली र बन्दा हुर्किरहेका छन । छेउका ब्याडमा प्याजका बेर्ना रोप्नका लागि तयारी अवस्थामा छन ।

केसी र हमाल मात्र होइन, रणबाङका गंगा केसी, डिलकुमारी कार्की, हीराकुमारी सुवेदी, ज्यामरुकका सीता घिमिरे, राममाया र रीता घिमिरेलगायत ४० भन्दा बढी युवा महिला व्यावसायिक तरकारी खेतीमा संलग्न छन् । जिल्लाका २ सय ६८ युवा महिला समूहमार्फत प्लास्टिकका घरभित्र तरकारी खेती गरिरहेका छन् ।

सहमति नामक गैरसरकारी संस्थाले महिला सहकारी संस्थामार्फत युवा महिलालाई तरकारी खेतीमा संलग्न गराएको हो । 'महिलाहरूलाई बचत तथा ऋण सहकारीमार्फत संगठित गराएर बचत गर्ने र तरकारी खेतीमार्फत आय आर्जन गर्न सहयोग गरिरहेका छौं,' सहमतिका जिल्ला प्रमुख खिला आलेमगरले बताए ।

# सहमतिको पन्ध्रौ साधारणसभा तथा पाँचौं अधिवेशन एवं सामाजिक परीक्षण तथा सम्मान/पुरस्कार कार्यक्रमका केही झलकहरु (२०७० मंसिर २८ र २९ गते)















प्रेषक

सहमति

गैंडाकोट–५ नवलपरासी

फोन नं.: ०५६-५०२०९०

E-mail:sahamati@wlink.com.np

Website : www.sahamati.org

प्रापक

टिकट